मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

वर्ष ४ • अंक १९ • २०८२ साल मंसिर १४ गते आइतबार • Sunday 30, November 2025 • सूर्योदय: बिहान ०६:३६ बजे • सूर्यास्त: साँझ ५:११ बजे • पृष्ठ ८ • मूल्य रु. ५/-

## रेडियो वीरगंजद्वारा रक्तदान आयोजना

**वीरगंजः** मध्ये तराईको पहिलो रेडियो, रेडियो वीरगंज ९९ मेगाहर्जले मंसिर २० गते शनिबार वृहत् रक्तदान कार्यक्रमको तयारी गरेको छ ।

रेडियोले आफ्नो स्थापना दिवस साताव्यापी कार्यक्रम गरेर मनाउँदै आइरहेको छ । हरेक वर्ष सप्ताहव्यापी स्थापना दिवस मनाउने क्रममा रक्तदानबाट कार्यक्रम आरम्भ गर्दै आएको अध्यक्ष ध्रुव साहले बताए ।

रेडियो वीरगंज मधेशमा रक्तदानमा धेरै सहभागी गराउने संस्थाका रुपमा परिचित छ । यसवर्ष पनि अत्यधिक सहभागितामा रक्तदान कार्यक्रमको तयारीमा रेडियो जुटेको छ ।

# भिठ्ठामोड सुक्खा बन्दरगाहः नेपालमा सुस्त, भारतमा शिलान्यासको तयारी

**मधेशदृष्टि**
**जनकपुरधाम ।**

मधेशको दोस्रो सबैभन्दा ठूलो नाका हो भिठ्ठामोड । मधेशकै वीरगंज–रक्सौल नाका भएर सबैभन्दा बढी आयात निर्यात हुने गर्छ । त्यसपछि महोत्तरीस्थित मलिवाडा–भिठ्ठामोड नाका भएर पनि आयात निर्यात हुन्छ । त्यसैले भिठ्ठामोड नाका विस्तार गर्नुका साथै सुक्खा बन्दरगाह निर्माणको माग उठ्यो । सोही मागअनुरुप संघ सरकारले आर्थिक वर्ष २०७९–८० को बजेटमा महोत्तरीको भिठ्ठामोडमा सुक्खा बन्दरगाह निर्माण गर्ने घोषणा गरेको थियो।

सरकारले सुक्खा बन्दरगाह निर्माण गर्ने घोषणा गरेपछि भिठ्ठामोड नाकामा भारतीय पक्षले समेत बन्दरगाह निर्माणको प्रकृया अगाडि बढाएको थियो । नेपाल सुक्खा बन्दरगाह निर्माणका लागि घोषणा गरेको ३ वर्ष बितिसक्दासमेत कुनै प्रगति देखिएको छैन । जबकि भारतीय पक्षले सोही बन्दरगाहका लागि आफ्नोतर्फ जग्गा अधिग्रहण गरी मुआब्जासमेत वितरण गरिसकेको छ । साथै, अधिग्रहण गरिएको जग्गाको भारतीय पक्षले पर्खाल लगाउने कार्य गरिसकेको छ । भारतीय पक्षका अनुसार चाँडै नै गृहमन्त्री अमित शाहले सुक्खा बन्दरगाह निर्माणको भारततर्फ शिलान्यास गर्ने कार्यक्रम छ । एक भारतीय अधिकारीले भने, ‘पहिले नै शिलान्यास गर्ने कार्यक्रम थियो तर बिहार विधान सभा निर्वाचन बीचमै परेकाले कार्यक्रम पछाडि धकेलिएको हो ।’



बन्दरगाह निर्माणका लागि सरकारी स्वामित्वको इन्टरमोडेल नेपाल यातायात विकास समिति चोभारले कन्सल्टेन्ट हायर गरेर दुईपटक सर्भे समेत गरिसकेको छ । तर, बन्दरगाह निर्माणमा लाग्ने खर्च, जग्गा अधिग्रहण गर्दा लाग्ने बजेटको सुनिश्चितता, जग्गाको मूल्य निधारणसहितका कार्य अझै हुनसकेको छैन ।

भारतले रामायण सर्किटको परियोजना र सुक्खा बन्दरगाहकै लागि भारत बिहारको सीतामढीबाट भिट्ठामोडसम्म रेल लाइन पु¥याउन सर्भेसमेत गरिसकेको भारततर्फका स्थानीय बताउँछन् । बन्दरगाह निर्माणका लागि नेपालतर्फ भिट्ठामोड मूल नाकादेखि दक्षिणतर्फ ६० बिघा जग्गा अधिग्रहण गर्नुपर्नेछ। उचित मुआब्जा पाएमा जग्गा दिन जग्गाधनी पनि तयार छन्। तर नेपाल सरकारकै उदाशीनताका कारण बन्दरगाह निर्माण कार्य सुस्त भएको जलेश्वरका व्यापारीहरुको आरोप छ ।

अर्थ मन्त्रालयले जग्गा अधिग्रहणका लागि बजेट विनियोजन गरेपछि मात्रै त्यसको अगाडिको काम बढ्छ। तर सुक्खा बन्दरगाह निर्माणका लागि बजेट नाम मात्रको छुट्याइने गरेको गुनासो जलेश्वर भन्सार कार्यालयका प्रमुख राजेन्द्र बस्नेतले गरे । उनले भने, ‘आफू भन्सार कार्यालयको प्रमुख भएर आएको २–३ वर्ष हुनै लाग्यो तर सुक्खा बन्दरगाह निर्माणका विषयमा अझैसम्म खासै जानकारी छैन ।’ उनले भने, ‘बजेट हेर्छु यो शीर्षकमा थोरै बजेट छ तर त्यो बजेटमा जग्गा अधिग्रहणको काम गर्न पनि गाह्रो हुन्छ ।’ यद्यपि अबको बजेटमा सुक्खा बन्दरगाहका लागि पहल गर्ने प्रतिबद्धता व्यक्त गरे ।

मधेशकै बीच भागमा पर्ने भिट्ठामोडमा सुक्खा बन्दगाह निर्माण भएपछि प्रदेशका साथै समग्र मुलुकको आर्थिक विकासमा टेवा पुग्ने व्यापारीको भनाइ छ। भिट्ठामोड सुक्खा बन्दरगाह सञ्चालनमा आएपछि कोलकाता बन्दरगाह, विशाखापट्टनम बन्दरगाहसहितबाट कम ढुवानी खर्चमा भारतसहित तेस्रो मुलुकबाट मालसामान ल्याउन सकिने जलेश्वर उद्योग वाणिज्य संघका अध्यक्ष शिवचन्द्र चौधरीले बताए । तर सरकार सुक्खा बन्दरगाह निर्माणका लागि उदासीनता देखाइरहेको चौधरीले आरोप लगाए ।

उनले भने, ‘सुक्खा बन्दरगाह निर्माण हुने घोषणासँगै यहाँका व्यापारीमा केही आशाका किरण देखिएको थियो तर सुक्खा बन्दरगाह निर्माण कार्य कागजमै सीमित भएको देखेर यहाँका व्यापारी निराश देखिएका छन् ।’ उनले पटकपटक सम्बन्धित निकायमा सुक्खा बन्दरगाह निर्माणका

*समाचार पृठ २ मा*

# मुलुकमा देखिएको संकटको निकास निर्वाचन होः साह



**मधेशदृष्टि**
**भक्तपुर ।**

आमजनता पार्टी (आजपा)का अध्यक्ष तथा पूर्वमन्त्री प्रभु साहले मुलुकमा देखिएको संकटको एक मात्र निकास निर्वाचन भएको बताएका छन् । भ्रष्टाचारीलाई खबरदारी गर्ने उदेश्यले शनिबार भक्तपुरको राधेराधेमा आयोजित आजपाको भक्तपुर निर्वाचन क्षेत्र नं. २ को क्षेत्रीय भेलालाई सम्बोधन गर्दै आजपा अध्यक्ष साहले तोकिएकै समयमा निर्वाचन गराउनुपर्ने बताए ।

प्रधानमन्त्री सुशील कार्की र एमाले अध्यक्ष केपी ओली दुवैले मुलुकलाई महासंकटमा पुर्याएको उनको आरोप छ । प्रधानमन्त्री कार्कीले जेन्जी आन्दोलनको मर्म र भावनालाई कुल्चिएको र एमाले नेतृत्वले त सत्ताको दुरूपयोग गरेर जेन्जी आन्दोलनमा बर्बर दमन गरेको भन्दै दुवै जनाले जेन्जी आन्दोलनमाथि गम्भीर धोका दिएको उनले बताए ।

‘जेन्जी विद्रोहले यो व्यवस्थाको अन्त्य खोजेको थियो, भ्रष्टाचारीलाई कारबाही खोजेको थियो, तर यो सुशीलाको सरकारले यो मागनै पूरा गर्न सकेन,’ आजपा अध्यक्ष साहले भने, ‘जेन्जी विद्रोहको बलमा सरकारमा जने तर जेन्जीलाई थुन्ने, पक्राउ गर्ने उनीहरुको माग पनि पूरा नगर्ने । यो सरकार पूर्णरुपमा असफल भएको छ ।’आजपा अध्यक्ष साहले जेन्जी आन्दोलन भएको भदौ २३ गते सुशीला कार्की, ओमप्रकाश अर्याल, कुलमान घिसिङलगायतको भूमिका हेरिनुपर्ने र २४ भदौमा उनीहरुको सडकमा जबरजस्त उपस्थिति र चहलपहल पनि नियाल्दा जेन्जी युवाहरुको बलमा भएको जनविद्रोहको अपहरण गरिएको आरोप लगाए ।

जेन्जी आन्दोलन हुँदा सुशीलादेखि कुलमान, ओमप्रकाश, अनिल सिन्हालगायतका छोराछोरी कहाँ थिए ? यिनीहरुका छोराछोरीको के योगदान छ ? भन्दै उनले प्रश्न गरे । सरकारमा भएकालाई जेन्जी आन्दोलनप्रति कुनै मोहमाया नभएको टिप्पणी साहले गरे । गृहमन्त्री अर्यालको कार्यक्षमतामाथि प्रश्न उठाउँदै आजपा अध्यक्ष साहले यस्तो गृहमन्त्री राखेर शान्ति, सुरक्षाको वातावरण बन्न नसक्ने बताए । अहिले जाँचबुझ आयोगको टिओआर अनुसार काम नभएको र आयोगको कार्यअवधि नै सकिन लाग्दासमेत हत्यारा र दोषीसँग बयानसमेत लिन नसकिएको भन्दै आयोग पनि निकम्मा भएको उनको आरोप छ । उनले सुशीला सरकारलाई शान्ति, सुव्यवस्था र अमनचयन कायम गर्ने कुरामा ध्यान दिँदै २१ फागुनको निर्वाचन सफल बनाउनमात्रै सम्पूर्ण तागत लगाउन सुझाव दिए ।

यसैगरी, शनिबार नै काठमाडौँको चौमतीमा गार्मेन्ट व्यवसायीसँग आजपा अध्यक्ष साहले भेटघाट गरेका छन् । भेटघाटमा उनले सरकारपिच्छेको मनोमानी कर आतंकले नेपालको अर्थतन्त्र धरासायी बन्दै गएको बताए । रौतहटको मौलापुर नगरपालिकाजस्तै नेपालमा पनि कर फ्री हुनुपर्ने उनले बताए ।



# प्रतीक्षा सर्वोच्चको आदेशको

मधेशदृष्टि
जनकपुरधाम ।
मधेश सरकार गठनसम्बन्धी विवादमा सर्वोच्च अदालतले मंसिर १५ गते अन्तिम निक्र्यौल लगाउने सम्भावना छ । शुक्रबार नै बहस सकाएर फैसला सुनाउने तयारी गरिए पनि बहस समाप्त हुन नसक्दा अर्को पेशी मंसिर १५ गतेका लागि तोकिएको हो ।



शुक्रबार भएको बहस संविधानका धारा १६८ का उपधारा २ र ३ को व्याख्यासँगै १६८ को ५ जाने विषयमै केन्द्रित रह्यो । धारा १६८ को उपधारा ३ अनुसार नियुक्त मुख्यमन्त्री सरोजकुमार यादवको वैधताबारे दायर तीनवटा रिटलाई संयुक्त इजलासले निरन्तर सुनुवाइ गरिरहेको छ । अदालतले यसअघि मुख्यमन्त्री यादवलाई दूरगामी प्रभाव पर्ने निर्णयमा रोक लगाउँदै अस्थायी आदेश जारी गरेको थियो ।

शुक्रबारको सुनुवाइमा मुख्यमन्त्री यादवको तर्फबाट वरिष्ठ अधिवक्ता सुरेन्द्र महतोले १६८को उपधारा ३ बाट पुनः धारा १६८को उपधारा २मा फेरि फर्किन नहुने तर्क गरे । उनका अनुसार धारा १६८को उपधारा ३ बाट सरकार गठन यदि सफल नभए संविधानले संकेत गरेको अर्को बाटो धारा १६८को उपधारा ५ हो । महतोले कोशी प्रदेशको सरकार गठन प्रकरणलाई नजिरका रूपमा प्रस्तुत गर्दै यसअघि त्यहाँ पनि १६८को उपधारा ५बाटै सरकार बनेको जिकिर गरे ।

शपथ ग्रहण होटलमा गराइएको विषय उठेपछि महतोले मधेशमा विद्यमान तनावपूर्ण अवस्थाका कारण वैकल्पिक सार्वजनिक स्थान प्रयोग गरिनु बाध्यकारी परिस्थिति भएको तर्क गरे । 'शपथ स्थलको आधारमा नियुक्ति अस्वाभाविक ठहरिदैंन,' उनले भने ।

तत्कालीन प्रदेश प्रमुखको तर्फबाट सहायक न्यायाधिवक्ता दिनेश रोक्काले शपथ संविधानअनुसारै भएको र प्रदेश प्रमुखलाई विपक्षी बनाउने आधार नरहेको दाबी गर्दै रिट खारेज गर्न माग गरे ।

मुख्यमन्त्री यादवका तर्फबाट पूर्वमहान्यायाधिवक्ता रमेश बडालले नियुक्तिपछि तीस दिनभित्र विश्वासको मत लिनुपर्ने संवैधानिक प्रावधान धारा १६८को उपधारा ४ अवहेलना गरेको अवस्थामा पूर्वमुख्यमन्त्री जितेन्द्र सोनलले फेरि धारा १६८को उपधारा २को दाबी गर्न नमिल्ने तर्क प्रस्तुत गरे । बडालले धारा १८८को उपधारा २ मा उल्लेखित अविश्वास तथा समर्थन फिर्तासम्बन्धी दायित्व पनि स्मरण गराउँदै 'राजीनामापछि पुनः पुरानै धारा आधार बनाउने वैधानिक तथा नैतिक ठाउँ छैन' भने ।

वरिष्ठ अधिवक्ता चन्द्रकान्त ज्ञवालीले पनि धारा १६८को उपधारा ३बाट बनेको सरकारपछि पुनः १६८को उपधारा २मा फर्कने व्यवस्था संविधानले नदिएको भन्दै पूर्वमुख्यमन्त्री सोनल 'ढोकाबाट छिरेर झ्यालबाट निस्किसकेपछि पुनः ढोकामै फर्किन नमिल्ने' टिप्पणी गरे । उनका अनुसार अबको संवैधानिक बाटो १६८को उपधारा ५ नै हो ।

त्यसैगरी वरिष्ठ अधिवक्ता भीमार्जुन आचार्यले संघीय सरकार गठन प्रक्रिया धारा ७६ जस्तै प्रदेशमा पनि १–२–३ क्रमिक प्रकृयाको स्वाभाविक व्याख्या हुने भन्दै मधेशमा हाल बनेको सरकार संविधानसम्मत रहेको तर्क गरे । '१६८को उपधारा ३ अन्तर्गत नियुक्ति भइसकेपछि अब १६८को धारा उपधारा २ मा जाने आधार रहँदैन,' आचार्यले भने ।

तीनवटै रिटलाई एउटै मुद्दाको रूपमा राखेर न्यायाधीश हरिप्रसाद फुयाल र नित्यानन्द पाण्डेयको संयुक्त इजलासले शुक्रबारको बहस समाप्त गरेका थिए । अब मंसिर १५ गते सोमबार पनि मधेश सरकार गठन विवाद सम्बन्धि सुनुवाई हुनेछ ।

# स्रोता संघद्वारा रक्तदान

**मधेशदृष्टि**
**वीरगंज।**
नेपाल हिन्द रेडियो श्रोता संघ 'ए', वीरगंज महानगरपालिका–३१–३२ सोलखपुरद्वारा रक्तदान कार्यक्रम सम्पन्न भएको छ । संघका अध्यक्ष पन्नालाल पटेलको नेतृत्वमा भएको कार्यक्रममा ४ महिलासहित ५९ जनाले रक्तदान गरेका छन् । रक्तदान गर्नेमा विनोद पंजियार, शिवलाल चौधरी, सरस्वती चौधरी, अभिन्द्र चौधरी र मिना चौधरी पनि शामिल रहेको संघले जनाएको छ। समुदायमा स्वास्थ्य सेवा र सामाजिक उत्तरदायित्वप्रति जागरूकता बढाउने उद्देश्यले संघले यस्तो कार्यक्रम निरन्तर सञ्चालन गर्दै आएको छ।

# कानु समुदायका युवाको भेला

**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंज महानगरपालिका–१० स्थित श्री रामजानकी मन्दिर परिसरमा शनिबार कानु समुदायका युवा अगुवाको विशेष बैठक भएको छ। बैठकले १५ सदस्यीय 'कानु यूथ समाज' गठन गर्दै मनोज कुमार साहलाई सर्वसम्मतिले अध्यक्ष चयन गरेको छ । समितिमा उपाध्यक्ष अञ्जन गुप्ता, सचिवमा श्रवण प्रसाद साह, सहसचिव शम्भु प्रसाद गुप्ता र कोषाध्यक्षमा विमला कुमारी गुप्ता छन्।

बैठकले कानु यूथ समाजलाई छिट्टै कानूनी दर्ता प्रक्रियामा लैजाने भएको छ।

# झाद्वारा चुनावमा सहभागी हुन तालमेलको तयारी



**मधेशदृष्टि**
**जनकपुरधाम।**
लोकतान्त्रिक समाजवादी पार्टी नेपाल (लोसपा) छोडेर नेपाल सद्भावना पार्टी पुनर्गठन गरेका अनिलकुमार झाले आगामी प्रतिनिधिसभा चुनावमा आफ्नो पार्टी सक्रियरूपमा सहभागी हुने घोषणा गरेका छन् । पार्टी अध्यक्षसमेत रहेका झाले शनिबार पत्रकारहरूलाई जानकारी दिंदै प्रतिनिधिसभा चुनावलाई लक्षित गरी संगठन सुदृढिकरण र विस्तारमा जोड दिइएको बताए। पार्टी पुनर्गठनसँगै आफू संगठन निर्माणमा केन्द्रित रहेको उल्लेख गर्दै झाले भने, 'हाम्रो पार्टी अहिले कुनै दलसँग एकता वा एउटै चुनाव चिन्हमा निर्वाचन लड्ने तयारीमा छैन । तर सहमति भए क्षेत्रअनुसार चुनावी तालमेल हुन सक्छ ।'उनका अनुसार नेपाल सद्भावना पार्टीले २०४० सालदेखि नै मधेशको मुद्दा र एजेन्डामा काम गर्दै आएको छ र त्यसमा कुनै सम्झौता नहुने स्पष्ट गरे । उनले मधेशका मुद्दालाई प्राथमिकता दिने दलहरूसँग मात्र तालमेल, गठबन्धन वा मोर्चाबन्दी गर्ने सम्भावना रहेको बताए ।झाले पाँच प्रदेशका २५ जिल्लामा संगठनात्मक संरचना तयार भइसकेको जानकारी दिंदै चाँडै औपचारिक घोषणा गरिने बताए । पार्टीको नेतृत्व परिवर्तनसँगै बहुमत सदस्यको निर्णयअनुसार आफू अध्यक्ष बनेको उनले स्मरण गराए । यसअघि नेपाल सद्भावना पार्टीको अध्यक्ष रहेको पद रामकुमार महतोले सम्हालेका थिए।

# नेतृत्व विकासदेखि समसामयिक राजनीति केन्द्रित प्रशिक्षण



**मधेशदृष्टि**
**जनकपुरधाम।**
जनता समाजवादी पार्टी (जसपा) नेपालले संगठन सुदृढीकरण र नेतृत्व क्षमता अभिवृद्धि गर्ने उद्देश्यले जनकपुरधाममा आयोजना गरेको तीनदिने व्यापक प्रशिक्षण कार्यक्रम भएको छ । प्रशिक्षण कार्यक्रममा अध्यक्ष उपेन्द्र यादवले राजनीतिक विश्लेषणदेखि वर्तमान समसामयिक चुनौतीसम्मका विषयमा कार्यकर्तालाई मार्गदर्शन प्रदान गरे।

पार्टी स्कुल तथा प्रशिक्षण विभागद्वारा जनकपुरधाममा आयोजित कार्यक्रममा अध्यक्ष यादवले नेपालको राजनीतिक शक्तिहरूको तुलनात्मक अध्ययन, जसपाको नीति–सिद्धान्त, संगठनात्मक विस्तार, नेतृत्व विकास र मधेश राजनीतिमा देखिएका चुनौतीबारे विस्तृत प्रशिक्षण दिए । उनले देशको समग्र राजनीतिक अवस्था, शक्ति सन्तुलन, संघीयता र गणतन्त्रका वास्तविक अभ्यासबारे पनि कार्यकर्तासँग गहिरो संवाद गरेका थिए।

कार्यक्रमका प्रशिक्षक राजनीतिक विश्लेषक जय निशान्तले डिजिटल युगमा एआई तथा सामाजिक सञ्जालको प्रभावकारी प्रयोग, नेतृत्व निर्माण तथा निर्वाचन व्यवस्थापनबारे प्रशिक्षण दिए। यस्तै, अर्थशास्त्री उमाशंकर प्रसाद साहले नेपालको अर्थतन्त्र, प्रदेश–संघबीचको वित्तीय हस्तान्तरणमा देखिएका असमानता तथा बजेट व्यवस्थापनका चुनौतीबारे सहभागीलाई जानकारी गराएका थिए।

समापन सत्रमा अध्यक्ष यादवले सहभागीहरूलाई प्रमाणपत्र वितरण गरेका थिए। प्रशिक्षणमा प्रदेश, जिल्ला र राष्ट्रिय समितिका पदाधिकारी, जनप्रतिनिधि तथा मनोनित सदस्यसहित विभिन्न तहका नेता–कार्यकर्ता सहभागी भएका थिए।

# भिठ्ठामोड सुक्खा बन्दरगाहः ...............

लागि ध्यानाकर्षण पत्र बुझाइसकेको भए पनि कुनै प्रतिक्रिया नआएको सुनाए ।

भिठ्ठामोडमा सुक्खा बन्दरगाह निर्माण भए यो भेगमै औद्योगिक प्रतिष्ठानको संख्यामा वृद्धि हुने जनकपुरधाम क्षेत्रका व्यापारी बताउँछन् ।

यसले शिथिल हुँदै गइरहेको जलेश्वर बजार मात्र नभई जनकपुरधामको बजारलाई पनि कायापलट गर्ने विश्वास जनकपुरधामका व्यापारीको भनाइ छ ।

सुक्खा बन्दरगाह सञ्चालनमा आएपछि कोलकाताबाट भिठ्ठामोडको बाटो नजिक पर्ने र ढुवानीमा खर्च कम लाग्ने नेपाल उद्योग वाणिज्य संघका पूर्व केन्द्रीय सदस्य निर्मल चौधरीले बताए ।

उनले भने, 'संघीय सरकारले धनुषालाई औद्योगिक क्षेत्र घोषणा गरी चाँडै बन्दरगाह बनाउनुपर्छ ।'

धनुषामा उद्योग स्थापनाको प्रचुर सम्भावना रहेकाले बन्दरगाह सञ्चालनमा आएपछि यस क्षेत्रको आर्थिक विकासमा थप टेवा पुग्ने छ । अहिले यो नाका हुँदै भारतबाट खुला ट्रकमा विभिन्न सामान भित्रिने गरेकाले खर्चिलो हुने गरेको छ ।' मधेश प्रदेशमा एक मात्र वीरगंज सुक्खा बन्दरगाह छ । भारतका विभिन्न बन्दरगाहबाट वीरगंज बन्दरगाहमा सामान ल्याइने गरिन्छ । जसले गर्दा एउटै बन्दरगाहमाथि भार पर्दा यता तिरका व्यापारीहरुलाई समेत समस्या हुने गरेको छ ।

# मालढुङ्गा–मिलनचोक खण्डमा कालोपत्र सम्पन्न

म्याग्दी ।

भारत र चीनलाई जोड्ने राष्ट्रिय गौरवको आयोजनाका रूपमा रहेको कालीगण्डकी कोरिडोरअन्तर्गत मालढुङ्गा–मिलनचोक खण्डमा कालोपत्र भएको छ । म्याग्दी र मुस्ताङलाई राष्ट्रिय राजमार्गसँग जोड्ने मालढुङ्गा–बेनी सडकअन्तर्गत मालढुङ्गा–मिलनचोक खण्डको नौ किलोमिटरमा अस्फाल्ट प्रविधिको कालोपत्र भएपछि आवागमन सहज हुनाका साथै यात्रा अवधि छोटिएको छ ।

बेनी–जोमसोम–कोरला सडक आयोजनाका सूचना अधिकारी इञ्जिनियर विष्णु चापागाईंका अनुसार १३ किमी दूरीको उक्त सडकअन्तर्गत मिलनचोक–बेनी खण्डमा पनि कालोपत्रको तयारी भइरहेको छ । यसअघि गत वर्ष मालढुङ्गा–फर्से खण्डमा तीन किमी ३०० मिटरमा कालोपत्र र दुई किमी २०० मिटर ढलान भएको उनले जानकारी दिए ।

लस्ती–बेनी खण्डको छ किमी ५०० मिटर सडक यही मङ्सिर पहिलो सातादेखि कालोपत्र गर्न थालिएको छ ।

लस्ती–केराबारी–मिलनचोक खण्डको काम शुक्रबार सम्पन्न भएको सूचना अधिकारी चापागाईंले बताए । उनका अनुसार बारीबेनीको ७६० मिटर, केराबारी र फर्से पहिरोमा एक÷एक सय मिटर सडकलाई ठेक्काबाट हटाइएको छ ।



पर्वतको कुश्मा नगरपालिका–१ मालढुङ्गाबाट जलजला गाउँपालिका–८, ७, ४ र ३ नं वडा हुँदै म्याग्दी सदरमुकाम बेनी जोड्ने यो सडक दुई लेनको बनाएर कालोपत्र विसं २०७९ मा सम्पन्न गर्ने लक्ष्यसहित विसं २०७७ चैतमा एपेक्स–खड्का–कृष्ण जेभीसँग ५२ करोड ८६ लाख रुपैयाँमा ठेक्का सम्झौता भएको थियो ।

कोरोना महामारी, बाढीपहिरो, नदीजन्य निर्माण सामग्रीको अभावलगायत कारण देखाएर सहायक ठेकेदार ओमकारेश्वरले अलपत्र बनाएको आयोजनालाई पूर्णता दिन एक वर्षअघि मुख्य ठेकेदार कार्यक्षेत्रमा आएका सूचना अधिकारी चापागाईंले बताए ।

जलजला–७ मिलनचोकका बासिन्दा जमुना आचार्यले सडक कालोपत्र भएपछि एक घण्टाको यात्रा अवधि २०–२५ मिनेटमा छोटिएको बताए ।

सवारीसाधनको आवागमन सहज हुनाका साथै समयको पनि बचत भएको उनको भनाइ छ ।

यो सडक भएर म्याग्दी, मुस्ताङ र पर्वतको जलजला गाउँपालिकाका स्थानीय बासिन्दाका साथै पर्यटक र तीर्थयात्री आवतजावत गर्छन् ।

'कामका लागि खाद्यान्न' कार्यक्रमअन्तर्गत विसं २०५२ मा मार्ग खुलेको मालढुङ्गा–बेनी सडकअन्तर्गत बेनी सडक २०६८ सालमा कालोपत्र गरिएको थियो ।रासस

# हरित विद्यालय केन्द्रित कार्यक्रम

**मधेशदृष्टि**
**वीरगंज ।**
स्थानीयस्तरमा दिगो शिक्षा र वातावरण संरक्षणलाई जोड दिने लक्ष्यसहित 'कारखाना समूह'ले बारा, पर्सा र रौतहटका सिभिल सोसाइटी संस्थाहरुसँग मिलेर वीरगंजमा दुईदिने हरित विद्यालय केन्द्रित कार्यक्रम शुरु गरेको छ ।पहिलो दिन वातावरणीय चेतना, जलवायु परिवर्तनका चुनौती र हरित विद्यालयका आधारभूत अवधारणामाथि प्रशिक्षण दिइयो भने आइतबार दोस्रो दिन सहभागीलाई एआईका व्यवहारिक प्रयोगबारे तालिम दिइने कारखाना समूह'का निरज कुमार मिश्रले बताए ।कार्यक्रममा वन्यजन्तु संरक्षण संघ नेपालका राजेश्वर रिजाल र बृन्दा देवानले बालबालिका र प्रकृतिबीच बढ्दो दूरीले शारीरिक, मानसिक तथा सामाजिक पक्षमा परेको असरबारे चर्चा गरे । उनीहरूले विद्यालयमार्फत वातावरण शिक्षा प्रभावकारी ढंगले लागू गर्न सकिएको खण्डमा दीगो भविष्यका लागि महत्वपूर्ण आधार तयार हुने बताए ।वातावरणीय समस्या बढ्दो अवस्थामा रहेको बेला विद्यार्थी नै सबैभन्दा प्रभावकारी सचेतनाको बाहक बन्न सक्ने उनीहरूको धारणा थियो ।कार्यक्रममा 'हरित विद्यालय निर्देशिका २०७५'मा समेटिएका विषय प्रस्तुत गरिएको थियो । फोहोर व्यवस्थापन, आकाशे पानी संकलन, ऊर्जा–मैत्री पूर्वाधार, ईको क्लबको स्थापना, करेसा बारी तथा आधुनिक खेतीजस्ता व्यवहारिक अभ्यासलाई विद्यालयमै लागू गर्न सकिने उपाय सहभागीहरूसँग साझा गरिएको थियो ।


## श्री हिमाल बचत तथा ऋण सहकारी संस्था लि.

**वीरगंज म.न.पा -०८,पानीटंकी**

## कर्जा चुक्ता गर्ने आउने बारे ३५ दिने सार्वजनिक सूचना

**( प्रथम पटक प्रकाशित मितिः२०८२/०८/१२)**

**टेलिफोन नं-०५१-५२१९२७, Gmail:-shreehimalsaccos@gmail.com**

यस श्री हिमाल बचत तथा ऋण सहकारी संस्था लि.का मिति २०८२/०८/१२ तपसिलमा उल्लेखित ऋणी सदस्यहरुलाई यस संस्थाबाट टेलीफोन,मौखिक एवम् लिखित पत्रबाट पटक -पटक उपभोग गरेको कर्जाको साँवा ,ब्याज र हर्जाना रकम चुक्ता गर्न बारम्बार ताकेता गर्दा समेत ऋण दायित्व फछ्यौट गर्ने तर्फ तदारुकता न देखाई यस संस्थासंग आन्तरिक रुपमा गरिएका समझौता भंग भएकोले हर्जाना र ब्याज समेतको बाँकी सम्पूर्ण ऋण रकम चुक्ता गर्नको लागि यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ दिन भित्र यस सहकारी संस्थालाई बुझाउन पर्ने सम्पूर्ण साँवा ,ब्याज तथा हर्जाना रकम एकमुस्ट बुझाउन अनुरोध गरिन्छ। यस सूचना बमोजिम कर्जा चुक्ता हुन नसकेमा संस्थाको विनियम तथा सहकारी ऐन २०७४,को दफा ७९, र सहकारी नियमावली २०७५ को दफा ३० र अन्य नियम तथा निर्देशनहरु र अन्य प्रचलित कानुन बमोजिम संस्थाले धितोंमा रहेको सम्पति डाँक बढाबढ प्रकृया मार्फत लिलाम बिक्री गरी वा लिलाम बिक्री हुन नसकेमा संस्था आफैले सकार गरी संस्थाको असुलउपर गर्नुपर्ने सम्पूर्ण रकम असुल उपर गरिने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपशील**

| क्र.स | ऋणिकों तिन पुस्ताको विवरण | फोटो | धितोंको विवरण |
|---|---|---|---|
| १. | नामः समीम अख्तर अंसारी<br>बुबाः नैमुदीन अंसारी<br>बाजेः ग्यासुदिन अंसारी<br>ठेगानाः वीरगंज-१२<br>ना.प्र.नंः १६०३१८८७८<br>जारी मितीः २०४४/१२/२६<br>कर्जा शीर्षकः व्यवसायिक कर्जा |  | समीम अख्तर अंसारी को नाममा मालपोत कार्यालय वीरगंज पर्सामा दर्ता कायम रहेको पर्सा जिल्ला हाल वीरगंज वडा नं-१२ साविक बीरगंज उ.म.न.पा.वडा नं-१५ कित्ता नं.७७० को व.मि ९२.०३ को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घर जग्गामा कुनै थप निर्माण कार्यहरू भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत। |
| २. | नामः किसुन सिंह राजपुत<br>बुबाः झकड सिंह राजपुत<br>बाजेः शिवलाल सिंह<br>ठेगानाः वीरगंज-१५<br>ना.प्र.नंः ६४१२१०७३<br>जारी मितीः २०३६/०४/०७<br>कर्जा शीर्षकः व्यवसायिक कर्जा |  | किसुन सिंह राजपुत को नाममा मालपोत कार्यालय वीरगंज पर्सामा दर्ता कायम रहेको पर्सा जिल्ला हाल वीरगंज-१५ साविक नगवा वडा नं -५ को कित्ता न.४०२४ को क्षेत्रफल ०-०-१३-८ को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घर जग्गामा कुनै थप निर्माण कार्यहरु भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत। |
| ३. | नामः रेहाना खातुन<br>पतिः मंजुर आलम अंसारी<br>बुबाः नैमुदीन अंसारी<br>ठेगानाः वीरगंज-२३<br>ना.प्र.नंः ७०१२१४७९<br>जारी मितीः २०४४/११/१७<br>कर्जा शीर्षक : व्यवसायिक कर्जा |  | रेहाना खातुन को नाममा मालपोत कार्यालय वीरगंज पर्सामा दर्ता कायम रहेको पर्सा जिल्ला हाल वीरगंज वडा नं-१५ साविक नौतन वडा नं ६ कित्ता नं.२८० को क्षेत्रफल ०-०-१५-० को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घर जग्गामा कुनै थप निर्माण कार्यहरू भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत। |
| ४. | नामः गिता कुमारी चौधरी<br>बाबु/पतिः राम प्रसाद महतो थारु<br>बाजे/ससुरोः प्रमेश्वर महतो थारु<br>ठेगाना : वीरगंज-१५<br>ना.प्र.नं :३४१०४९/१७६<br>जारी मितीः२०६५/११/२२<br>कर्जा शीर्षक : व्यवसायिक कर्जा |  | गिता कुमारी चौधरी को नाममा मालपोत कार्यालय वीरगंज पर्सामा दर्ता कायम रहेको पर्सा जिल्ला हाल वीरगंज-१५ साविक नौतन वडा नं ६ कित्ता नं.२२४६ को क्षेत्रफल ०-०-६-८ को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घर जग्गामा कुनै थप निर्माण कार्यहरू भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत। |
| ५. | नामःरुनची देवी थरूनी<br>पतिः ठग ओझैया थारु<br>ससुरोः पलट ओझैया थारु<br>बुबा :बिसुन दास थारु<br>ठेगानाः पर्सागढी-७<br>ना.प्र.नंः २५/०४४९१५४६<br>जारी मितिः२०४५/०२/१०<br>कर्जा शीर्षकः व्यवसायिक कर्जा |  | रुनची देवी थरूनी को नाममा मालपोत कार्यालय वीरगंज पर्सामा दर्ता कायम र हेको पर्सा जिल्ला बागेश्वरी तितरौना वडा नं ७ कित्ता नं.१८८ को व.मि.८६० को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घर जग्गामा कुनै थप निर्माण कार्यहरू भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत। |
| ६. | नामः गिता देवी साह कानु<br>पति : जयकुमार साह कानु<br>ससुरो : बासी साह<br>बुबा : सोनालाल साह कानु<br>ठेगाना : बारा-१ ,बहुअरी<br>ना.प्र.नं : ४५०२<br>जारी मितीः२०६२/१२/०९<br>कर्जा शीर्षक : व्यवसायिक कर्जा |  | गिता देवी साह कानु को नाममा मालपोत कार्यालय वीरगंज पर्सामा दर्ता कायम रहेको पर्सा जिल्ला हाल वीरगंज-१४ साविक बहुअरी बी वडा नं ८ कित्ता नं.७१२ को क्षेत्रफल ०-०-३-८ को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घर जग्गामा कुनै थप निर्माण कार्यहरू भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत। |
| ७. | नामः सुशिला देवी कानु<br>पतिः रामानन्द प्रसाद साह कानु<br>ससुरोः देवशरण साह कानु<br>बुबाः भवन साह<br>ठेगानाः कलैया न.पा-१५<br>ना.प्र.नं :३३३०८०/११५१<br>जारी मितीः२०६३/११/२२<br>कर्जा शीर्षक : व्यवसायिक कर्जा |  | सुशिला देवी कानु को नाममा मालपोत कार्यालय कलैया बारामा दर्ता कायम र हेको बारा जिल्ला धर्मनगर वडा नं ८,९ कित्ता नं.८१५,९९१ को क्षेत्रफल ०-५-०-०, ०-१-१-१४ र बलिरामपुर वडा नं-१ को कित्ता नं-१००४ क्षेत्रफल ०-२-०-० को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घर जग्गामा कुनै थप निर्माण कार्यहरू भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत। |
| ८. | नामः रामचन्द्र राउत<br>बुबाः ब्रहमदेव राउत<br>बाजेः दरवारी राउत<br>ठेगानाः पर्सागढी -७(बागेश्वरी तितरौना)<br>ना.प्र.नंः ३६६४०५९१<br>जारी मितीः २०३३/१२/१२<br>कर्जा शीर्षकः व्यवसायिक कर्जा |  | रामचन्द्र राउत को नाममा मालपोत कार्यालय वीरगंज पर्सामा दर्ता कायम र हेको पर्सा जिल्ला गा.बि.स बागेश्वरी तितरौना वडा नं-८ को कित्ता नं-७६ को व.मि.७१११.२६ को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घर जग्गामा कुनै थप निर्माण कार्यहरु भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत। |

**पुनशच : धितों लेखिदिने तथा व्यक्तिगत जमानी दिनेहरुलाई सूचना :**

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गराई आफ्नो सम्पतिको उचित संरक्षण गर्नु हुन पुन :अनुरोध गरिएको छ। अन्यथा तोकिएको दिन धितो लिलाम बढाबढ भई बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलाम बाट कायम हुने धितो सम्पतिको मुल्य घटि वा बढि हुने प्रकृयामा समेत प्रत्यक्ष अवलोकनको लागि सुचित गरिन्छ। उल्लिखित धितों सम्पति लिलाम बिक्री गरि वा संस्था आफैले सकार गर्दा समेत साविकमा संस्थाबाट भएको कम मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा संस्था आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पतिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा बिक्री भयो वा संस्था आफैले संस्था तथा वित्तीय संस्था सम्बन्धी ऐन २०६३ को दफा ५७(६) अनुसार सकार गरी लियो भनी कहि कतै उजुर वाजुर गर्न पाउनुहुने छैन। उक्त सम्पति लिलाम बिक्री गर्दा वा पुनर्मूल्याङ्कन गरी संस्था आफैले सकार गर्दा समेत संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभई बाकी रहेमा ऋणी लगायत व्यक्तिगत जमानी दिनेहरुको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ।


# जैविक तटबन्धले जोगायो विद्यालय



**सिरहा ।**
चुरे पर्वतको काखबाट बग्ने बेतहा खोलाको त्रासले लहान नगरपालिका–१५ स्थित करिब ८० घरधुरी रहेको बेतहा बस्ती र त्यहाँको आधारभूत विद्यालय बेतहालाई हरेक वर्ष सताउने गर्दथ्यो । लहानको मुख्य बजारबाट करिब २० किलोमिटरको दूरीमा अवस्थित यो दुर्गम क्षेत्रमा वर्षायाम शुरु हुनासाथ बेतहा खोलाले रौद्र रूप लिँदा सबैको मनमा सधैँ डर हुन्थ्यो ।
हिउँदमा शान्त देखिने बेतहा खोला वर्षा सुरु हुनासाथ रौद्र रूप लिन्थ्यो र यसको प्रहार सिधै विद्यालयमाथि पथ्र्यो । 'खोलाले किनारा कटान गर्दै जाँदा विद्यालय भवन नै जोखिममा परेको थियो । कुन बेला के हुने हो, थाहा नै हुन्न थियो,' विद्यालयका प्रधानाध्यापक सुन्दरलाल चौधरी विगत सम्झँदै भन्छन्,'सारा विद्यार्थीको भविष्य अन्धकारमा धकेलिन लागेको थियो । वर्षा लागेपछि त विद्यालय नै बन्द गर्नुपथ्र्यो ।' बेस्सरी कटान हुँदै आएको बेतहा खोलाले विद्यालयको चौर डुबाउँथ्यो, कक्षाकोठा चिस्याउँथ्यो र विद्यार्थीको उज्ज्वल भविष्य हरेक वर्षाको बाढीसँगै बग्दै जाने डर पनि उत्तिकै थियो ।
यस दुर्गम बस्तीको अस्तित्वलाई नै प्रश्नको घेरामा पु¥याइरहेको बेतहा खोलाले विद्यालय मात्र होइन, छेउमै रहेको स्थानीय स्वास्थ्य चौकीलाई पनि उत्तिकै जोखिमपूर्ण बनाएको थियो ।
नगरपालिकाले स्थानीयको सहजताका लागि एक स्वास्थ्यकर्मीसहित ढोडना स्वास्थ्य चौकीको एक शाखा यहाँ खोलेको थियो । तर, बाढी आएपछि औषधि, उपकरण र कर्मचारी सबै जोखिममा पर्थे । स्थानीयका लागि बनेको सुविधा बाढीको एक झट्कामै बन्द हुने डरले सधैँ घेरेको हुन्थ्यो ।
बेतहा बस्तीका बासिन्दालाई आफ्नो घर, विद्यालय र स्वास्थ्य सेवा जोगाउन प्रकृतिसँग हरेक वर्ष सङ्घर्ष गर्नुपर्ने बाध्यता थियो । यो वर्षको दृश्य फरक छ । बस्ती जोगाउने अभियान अब प्रकृति र स्थानीयबीचको सफल सहकार्य बनेको छ ।
करिब छ महिनाअघि लहान नगरपालिकाको समन्वयमा शुरु भएको संरक्षण परियोजनाले यहाँ नयाँ आशा जन्मायो, जैविक तटबन्ध । केयर नेपाल, सामुदायिक वन उपभोक्ता महासङ्घ (फेकोफन), राष्ट्रिय कृषक समूह महासङ्घ नेपाल र गाउँलेको सामूहिक प्रयास तथा श्रमदानबाट यो तटबन्ध निर्माण गरिएको थियो ।
बर्खा शुरु हुनुअघि नै स्थानीय स्रोत साधनको उपयोग गर्दै बाँस, घाँस, बिरुवा र स्थानीय प्रजातिका बोटबिरुवा लगाएर नदी किनारलाई मजबुत बनाउने काम थालियो । सामुदायिक वन उपभोक्ता महासङ्घ (फेकोफन) का कार्यक्रम अधिकृत टेकेन्द्र साह भन्छन्, 'जैविक तटबन्ध बनाउँदा खर्च कम हुने, दीर्घकालीन रूपमा माटो सम्हाल्ने क्षमता बढ्ने र वातावरण मैत्री हुने भएकाले हामीले यसलाई प्राथमिकता दिएका हौँ ।'
केयर नेपालका कार्यक्रम व्यवस्थापक जगदिश भट्टका अनुसार, यस परियोजनाअन्तर्गत बेतहा क्षेत्रमा तीनवटा जैविक तटबन्ध निर्माण गरिएको छ । उनी भन्छन्, 'संस्थाको तर्फबाट केही न्यूनतम बजेट र स्थानीयको श्रमदानबाट यस्ता जैविक तटबन्ध निर्माण गरिएका हुन्, जसले पहिरो नियन्त्रणमा पनि काम गरिरहेको छ ।' उनका अनुसार अन्य ठाउँमा पनि स्थानीयसँगको सहकार्यमा क्रमश जैविक तटबन्ध निर्माण गरिनेछ ।
यस प्रकारको तटबन्ध सफल अनि प्रभावकारी देखिएको वडा नं १५ का अध्यक्ष तेजनारायण चौधरीको भनाइ छ । उनी आफ्नो वडा बाढी, पहिरो र नदी कटानको बढी जोखिम क्षेत्र भएकाले अन्यन्त्र पनि यस्तै विधि अपनाई नियन्त्रण गर्न लागिपर्ने बताउँछन् ।
कटान रोक्न सकिने भएपछि स्थानीयको उत्साह झन् बढेको छ । वर्षौँदेखि खोला कटानको भयले असुरक्षित महसुस गर्दै आएका उनीहरू अहिले भने आत्मविश्वासका साथ भविष्य कल्पना गर्न थालेका छन् । 'हामीले आफैँले बनाएको सुरक्षाले अब ढाडस दिएको छ,' स्थानीय विचारी सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष कर्णबहादुर तामाङले भने, 'समुदायको श्रम र एकताको बलले खोलोलाई नियन्त्रण गर्न सकिने रहेछ भन्ने बुझ्यौँ । यसले हामीलाई हाम्रो बस्ती सुरक्षित रहन्छ भन्ने भरोसा दिलाएको छ ।'
जैविक तटबन्ध सस्तो, दिगो र वातावरणमैत्री मात्र होइन, स्थानीयले नै बनाउन र मर्मत गर्न सक्छन् । सामुदायिक वन उपभोक्ता महासङ्घ नेपाल सिरहाका सचिव रुद्र नारायण चौधरीका अनुसार, यस्ता जैविक तटबन्धले वर्षेनी दोहोरिने बाढी–पहिरोको जोखिम कम गर्नुका साथै वातावरण संरक्षण, पर्यटन प्रवद्र्धन र स्थानीय रोजगारीमा पनि सकारात्मक प्रभाव पार्छ ।

# रोटर्याक्ट क्लबको आयोजनामा रक्तदान

**मधेशदृष्टि**
**वीरगंज ।**
विभिन्न रोटर्याक्ट क्लबहरुको संयुक्त आयोजनामा वीरगंजमा रक्तदान कार्यक्रम भएको छ । रोटर्याक्ट क्लब जिल्ला ३२९२को आयोजनामा भएको कार्यक्रममा रोटर्याक्ट दमौली र रोटर्याक्ट क्लब अफ काठमाडौँ मेडिकल कलेजको पहलमा वीरगंजको माइस्थान पार्कमा रक्तदान कार्यक्रम भएको हो ।
कार्यक्रममा ७ महिलासहित २१ जनाले रक्तदान गरेको रोटर्याक्ट क्लब अफ वीरगंज युनाइटेडका इन्टरनेशनल सर्भिस डाइरेक्टर अखिल पटेलले जानकारी दिए । उनकाअनुसार कार्यक्रममा सौरभ वर्णवाल, अजय गुप्ता, विवेक कुमार पटेल, प्रशान्त भण्डारी, समिर पोखरेल, रमित सिंह, राम गुप्ता लगायतले रक्तदान गरे ।
कार्यक्रममा वीरगंज महानगरपालिका वडा न. १६ नगवाकी अन्जु चौरसियाले पहिलो पटक रक्तदान गरिन् ।
पहिलो पटक रक्तदान गरेर मानवीय कार्य गर्ने अवसर पाएको भन्दै उनले खुशी व्यक्त गरिन् ।
अञ्जु जस्तै युवालाई रक्तदान गरेर जीवनदान गर्ने पुण्यको काममा प्रेरित गर्ने र रगतको अभावलाई परिपूर्ति गर्ने अभिप्रायले कार्यक्रमको आयोजना गरिएको युनाइटेडकी अध्यक्ष रोशनी भट्टराईले बताइन् । उनकाअनुसार क्लबले हरेक वर्ष रक्तदान कार्यक्रम गर्दै आएको छ । रक्तदानसँगै स्वास्थ्य शिविर, सरसफाई जस्ता सामाजिक कार्य पनि क्लबले गर्दै आएको भट्टराईले बताइन् ।
कार्यक्रममा युवा अभियानता दिलिपराज कार्की, रोटर्याक्ट क्लब अफ डिष्ट्रिक्ट जोनल रोटर्याक्टर प्रतिनिधि सौरभ बर्णवाल, रोटर्याक्ट क्लब अफ वीरगंज मेट्रोका अध्यक्ष रोहित गुप्ता, रोटर्याक्ट क्लब अफ शङ्कराचार्यका अध्यक्ष अमित कुमार सर्राफसहित विभिन्न रोटर्याक्ट क्लबका पदाधिकारी तथा प्रतिनीधिको सहभागिता थियो ।
नेपाल रेडक्रस सोसाइटी पर्साबाट कार्यालय सहायक राजन श्रीवास्तव, प्राविधिक मनीष कुमार गुप्ता, सहायक प्राविधिक विवेक यादव, निशान्त कुमार यादव लगायतले कार्यक्रममा प्राविधिक सहयोग गरेका थिए ।

सम्पादकीय

# किन खस्कियो गजेन्द्र नारायण सिंह अस्पतालको अवस्था


संघीय अस्पतालहरूको न्यूनतम सेवा मापदण्ड मूल्यांकनमा सप्तरीको गजेन्द्रनारायण सिंह अस्पताल निकै कमजोर हुँदै गएको पाइएको छ। अस्पताल आफैँ रोगी हुनुमा चैं राजनीतिक खिचातानी, माफियाको तीव्र चलखेल र कर्मचारीको लापरबाहीको गुणस्तर वृद्धि हुँदै जानु हो।

पटक–पटक विवादमा आइरहने अस्पतालले न्यूनतम मापदण्ड पूरा नगरेकाले पनि अस्पतालको सेवाको गुणस्तर खस्किएको पाइएको हो । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको आर्थिक वर्ष २०८१–८२ को राष्ट्रिय संयुक्त वार्षिक समीक्षा गोष्ठीमा नीति, योजना तथा अनुगमन महाशाखा प्रमुख डा. कृष्णप्रसाद पौडेलले अस्पतालले गुणस्तरीय सेवा प्रवाहमा सोचेअनुरुपको प्रगति नगरेको सार्वजनिक गरे । जुन कुरा नयाँ थिएन, नौलो होइन । गलत होइन । यस अस्पतालले मूल्याङ्कनमा जम्मा ३६ अंक पाएको छ।

सेवा प्रवाहका हिसाबले चितवनको भरतपुर अस्पतालले गुणस्तरीय सेवा प्रवाहमा उल्लेखनीय प्रगति गरेको पाइएको छ। यो अस्पताल ८८ अंक प्राप्त गर्दै देशकै उत्कृष्ट अस्पताल बनेको छ । यस्तै मापदण्डमा दोस्रो स्थानमा बाँकेको भेरी अस्पतालले ८३ अंक प्राप्त गरेको छ भने पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान ७९, बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान ७५, डडेल्धुरा अस्पताल ७३ र राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानले ७१ अंक पाएका छन्। राष्ट्रियस्तरका प्रमुख अस्पतालमा वीर अस्पतालले ६७, परोपकार प्रसूति तथा स्त्रीरोग अस्पतालले ६४, कोशी अस्पतालले ६३, शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालले ५९ र नारायणी अस्पतालले ५६ अंक मात्र प्राप्त गरेका छन्। यी अस्पतालहरू सुधारको क्रममा रहेको छ। अनि गजेन्द्र नारायण सिंह अस्पताल चैं खस्कनुमा मधेशको भएर कम नम्बर आएको त पक्कै होइन।

गजेन्द्रनारायण सिंह अस्पतालपछि पाटनको मानसिक अस्पतालको अवस्था सबैभन्दा बढी खस्किएको देखिएको छ। अस्पतालले जम्मा ३२ अंक प्राप्त गरेको छ। मन्त्रालयका अनुसार न्यूनतम सेवा मापदण्डमा क्लिनिकल सेवा, नर्सिङ सेवा, अस्पताल प्रशासन, संक्रमण नियन्त्रण, औषधि व्यवस्थापनलगायत ९० भन्दा बढी सूचकहरू समावेश गरिएको हुन्छ। यस वर्षको मूल्यांकनमा १३ वटा संघीय अस्पताललाई समेटिएको थियो। यसरी कम अंक ल्याउने अस्पताल तत्काल सुधार योजना पेश गर्न निर्देशन दिइएको छ। तर अस्पताल सुधार्ने भन्दा बिगार्ने होडमा राजनीति गर्नेहरु छन्। कर्मचारी बिरामी बाहिर पठाउँदा काम नगरे पनि कमिसनले मोटाउँछन्।

# नयाँ नक्सासहितको १०० रुपैयाँका नोट, भारतमा विरोध



प्रदीप बस्याल

करिब छ वर्षपछि नेपाल सरकारले यसै महिना जारी गरेको १०० रुपैयाँको नयाँ नोटमा अङ्कित लिपुलेक, कालापानी र लिम्पियाधुरा समेटिएको नेपालको नयाँ आधिकारिक नक्सालाई लिएर भारतमा विरोध देखिएको छ । तर नेपाल राष्ट्र ब्याङ्कका प्रवक्ता सरकारले २०७७ साल जेठ ५ गते नेपालको राजपत्रमा सूचना प्रकाशित गरेर आफ्नो नक्सा अद्यावधिक गरेसँगै सोही अनुसार एक सय रुपैयाँको छपाइ भएको बताउँछन्।

प्रवक्ता गुरुप्रसाद पौडेलले बीबीसीसँग भने, 'अब छापिने प्रक्रियामा रहेका ५०, ५०० र १,००० रुपैयाँका नोटमा नेपालको नक्सा छैन। सयको नोटमा समेत पहिलो पटक नक्सा थपिएको होइन । नेपाल सरकारको निर्णय बमोजिम अद्यावधिक गरिएको मात्र हो।' विगत पाँच वर्षयता उक्त नक्सा नेपालका निशान छापा, सरकारी कामकाज र विद्यालयमा अध्ययन–अध्यापनमा प्रचलनमा छ।

तर नयाँ नोट चलनचल्तीमा आएपछि व्यक्त प्रतिक्रियामध्ये एक भारतको प्रतिपक्षी दल इन्डिअन न्याश्नल कङ्ग्रेसले आफ्नो ट्विटमा 'नयाँ १०० रुपैयाँको नोटमा राखिएको नेपालको नक्सामा धेरै भारतीय भूभागलाई आफ्नो दाबी गरिएको' भन्दै त्यस कार्यलाई "बिलकुलै सहन नसकिने" जनाएको छ।

जसमा भनिएको छ, 'मोदी सरकारले नेपाललाई कडा स्वरमा जवाफ दिनुपर्छ ।' सोसल मिडियामा भारतीयका रूपमा देखा परेका कैयौँ पोस्टहरूमा नेपालको यस कदमलाई प्रधानमन्त्री नरेन्द्र मोदी एवं विदेशमन्त्री एस जयशङ्करका कूटनीतिक अक्षमताका रूपमा टिप्पणी गरिएको छ भने अधिकांश भारतीय सञ्चारमाध्यमले यसबारे खबर छापेका छन्।

त्यसमा भारतीय भूमि राखेर नेपालले नोट जारी गरेको, भारतलाई चिढ्याएको लगायतका विवरण समेटिएका छन् । पाँच वर्षअघि नेपालले नयाँ राजनीतिक नक्सा जारी गरेदेखि नै भारतले त्यसलाई अस्वीकार गर्दै आएको छ।

नेपाल राष्ट्र ब्याङ्क के भन्छ ?

नेपाल राष्ट्र ब्याङ्कले सामान्यतः एक पटकमा ३ वर्षको मागलाई समेट्ने गरी नोटहरू छापिने गरेको जनाएको छ। 'जसअन्तर्गत यसपटक ३० करोड थान सय रुपैयाँका नोट छापिन्छन्,' नेपाल राष्ट्र ब्याङ्कका प्रवक्ता गुरुप्रसाद पौडेलले बीबीसीसँग भने।

'राष्ट्र ब्याङ्कले निष्कासन गर्ने ७ प्रकारका नोटमध्ये अन्यमा नेपालको नक्सा अङ्कित छैन। एक र दुई रुपैयाँका सिक्कामा यसअघि नै नेपालको आधिकारिक नक्सा अङ्कित भइसकेका छ ।' केन्द्रीय ब्याङ्कले हाल ५, १०, २०, ५०, १००, ५०० र १,००० रुपैयाँका नोट निष्कासन गर्दै आएको छ।

नोटबारे जयशङ्करले यसअघि के भनेका थिए

भारतीय सञ्चारमाध्यमहरूले सन् २०२४ को मे मा भारतको भुवनेश्वरमा आयोजित एक कार्यक्रममा भारतीय विदेशमन्त्री एस जयशङ्करले दिएको अभिव्यक्ति यतिखेर व्यापक रूपमा उद्धृत गरिएका छन्। नेपालमा सय रुपैयाँको नयाँ नोट छाप्ने निर्णय भएपछि त्यसमा भारतको समेत दाबी भएका क्षेत्र समेटिएको नक्सा राखिनेबारे एक पत्रकारले सोधेका थिए।

जसमा जयशङ्करको जवाफ थियो, 'मलाई लाग्छ यसमा हाम्रो अडान स्पष्ट छ। नेपालसँग हामीले हाम्रा सीमासम्बन्धी छलफलहरू स्थापित मञ्चहरूमार्फत गरिरहेका छौँ। र त्यसको बीचमा उनीहरूले एकतर्फी रूपमा आफ्ना उपाय चाले । तर आफ्नोतर्फ केही गर्दैमा त्यसले हामीहरूबीचको अवस्था वा धरातलीय यथार्थ फेर्दैन।'

चीनले आफ्नो देशको अद्यावधिक नक्सा सार्वजनिक गर्दा नेपालको पुरानै नक्सा राख्ने गरेको छ । जसले नेपालको नयाँ नक्साको अन्तर्राष्ट्रिय स्वीकार्यता बढाउन पहल नभएको भन्दै बारम्बार सरकारमाथि प्रश्न समेत उठ्ने गरेको छ । यसै वर्षको अगस्टमा लिपुलेक नाकाबाट व्यापार पुनः सञ्चालन गर्ने भारत–चीनको पछिल्लो सहमतिपछि उक्त भूमि आफ्नो 'अभिन्न भूभाग' रहेको नेपाल सरकारले बताएको थियो। तर त्यसको केही घण्टा बित्न नपाउँदै भारतीय पक्षले नेपाली टिप्पणीको प्रतिवाद गर्दै 'भारत र चीनबीच लिपुलेकमार्फत सीमा व्यापार सन् १९५४ बाट सुरु भएर दशकौँदेखि चलिरहेको' बताएका थिए।

चिनियाँ विदेश मन्त्रालयले यो विषय नेपाल र भारत मिलेर सुल्झाउनुपर्ने बताउने गरेको छ। २०७७ जेठमा प्रतिनिधि सभाले निशान छापमा नेपालको नयाँ नक्साको आकृति राख्न दर्ता गरिएको विधेयक उपस्थित सबै २ सय ५८ सांसदको मतसँगै पारित गरेको थियो । जसलाई राष्ट्रिय सभाले समेत पास गरेसँगै त्यो जारी भएको थियो।

नापी विभागले देशका अन्य ठाउँमा विवाद समाधान गरेर सीमा स्तम्भ गाड्ने र नक्साङ्कन गर्ने लगायतका कामहरू भइरहे पनि सुस्ता र कालापानीबारे विवादलाई मिलाउने जिम्मेवारी ११ वर्षअघि परराष्ट्रसचिव स्तरीय संयन्त्रलाई दिइएको थियो। तर त्यसको बैठकमा यी विषयमा ठोस छलफल अघि बढ्ने गरेको पाइँदैन।

नेपाल राष्ट्र ब्याङ्कले यसअघि ०७६ असोज मा १०० रुपैयाँका नयाँ नोट छापेकामा २०८१ वैशाखमा नयाँ नक्सासहितका यो मूल्य अङ्कित नोट छाप्ने निर्णय गरेको थियो । २०८२ साल मङ्सिर ११ गतेबाट उक्त नोट चलनचल्तीमा ल्याइएको राष्ट्र ब्याङ्कले जनाएको छ। बीबीसी

# सबैभन्दा ठूलो देउता को ?



प्रकाश अजात

सृष्टिको प्रारम्भमा विष्णु र ब्रह्माजीबीच 'को ठूलो ?' भन्ने विषयमा गम्भीर विवाद भएछ। 'मैले सृष्टि गरेको हुनाले म ठूलो' भन्ने दाबी ब्रह्माको रह्यो भने 'मैले पालनपोषण गर्ने हुनाले म ठूलो' भन्ने तर्क विष्णुको। विवाद बढ्दै गएर युद्धको रूप लिन थाल्यो। यस्तो अनर्थ देखेर युद्ध रोक्ने र सत्यको बोध गराउने ध्येयले दुईका बीचमा अचानक विशाल, सुरु र अन्त्य नदेखिने ज्योतिर्लिंग (शिवलिंग) प्रकट भयो।

त्यसपछि आकाशवाणीमार्फत श्री महादेव (शिव) को स्वर सुनियो,"तिमीहरू व्यर्थैमा झगडा नगर । तिमीहरूमध्ये जसले यस लिंगको फेद र टुप्पो पत्ता लगाउन सक्छ, उही नै ठूलो ठहरिनेछ ।" महादेवको चुनौती स्वीकार गर्दै वराह (सुँगुर) को रूप धारण गरेर विष्णु शिवलिंगको फेद पत्ता लगाउन पातालतिर गए भने ब्रह्माः हाँसको रूप धारण गरेर शिवलिंगको टुप्पो पत्ता लगाउन आकाशतिर उड्छन्।

हजारौँ वर्ष खोजी गर्दा पनि लिंगको फेद भेट्टाउन सकेनन् र निराश भई फर्किए विष्णु। ब्रह्माजी पनि धेरै माथि पुगे, तर टुप्पो भेट्टाएनन् । थकित भई फर्कने क्रममा आकाशबाट तलतिर झरिरहेको एउटा फूल (स्वस्थानीमा असुरोको फूल उल्लेख छ) देखे उनले । उनले फूललाई सोधे, 'तिमी कहाँबाट आउँदै छौ ?' फूलले जवाफ दिइन्, 'म धेरै वर्षदेखि यो स्तम्भको शिरबाट खसिरहेको छु, तर अझै फेद पुगेको छैन ।'

टुप्पो नभेटे पनि आफूलाई ठूलो देखाउने लोभमा ब्रह्माले त्यस फूललाई झूटो गवाही दिन अनुरोध गर्छन्, 'विष्णुको अगाडि गएर 'ब्रह्माजीले टुप्पो देख्नुभयो र म त्यहीँबाट आएको साक्षी हुँ' भनी झूटो बोलिदिनू ।' दुवै जना पुनः मिलन बिन्दुमा आइपुग्छन्। विष्णु हार स्वीकार गर्छन्, तर ब्रह्मा आफूले टुप्पो भेटेको झुटो बयान दिन्छन् । फूलले पनि ब्रह्माले टुप्पो भेटेको सत्य भएको भन्दै गवाही दिन्छिन्।

ब्रह्माको झूट सुन्नासाथ ज्योतिर्लिङ्गबाट स्वयं महादेव क्रोधित मुद्रामा प्रकट हुन्छन् र विष्णुको संसारभर अलग मन्दिर र पूजा हुने, तर सृष्टिकर्ता भएर समेत झूट बोलेका कारण आइन्दा संसारमा तिम्रो पूजा हुनेछैन र कुनै मन्दिर बनाइने छैन भन्दै ब्रह्मालाई श्राप दिन्छन्। फूललाई पनि श्राप दिँदै आफ्नो पूजामा आइन्दा नचढ्ने र चढाउनेको पूजासमेत व्यर्थ हुने ठहर गर्छन्। यही कथाको प्रभावका कारण होला, त्रीदेवमध्ये एक भनिने ब्रह्माका मन्दिरहरू संसारमा दुर्लभ छन् । शिवपुराणको यो कथा सनातनीहरूको कान्छो ठानिइने पुस्तक स्वस्थानीमा समेत छ। दुवै पुस्तक शिव अर्चनासँग सम्बन्धित भएकाले दुवैले शिवलाई नै श्रेष्ठ ठहर गर्नु स्वाभाविक रह्यो।

ज्योतिर्लिंगको आदि र अन्त्य नभएझैँ मत्र्य लोकको नेपाल खण्डका कतिपय 'देवगण'को पनि बयान गरीसाध्य छैन । दक्षप्रजापतिको यज्ञमा वीरभद्र र महाकालीको प्रलय भएझैँ यस भूखण्डमा जेन्जी प्रलय भयो गत भदौ २४ मा । त्यसो हुँदा समेत आजका दिनमा पनि खड्गदेव, शेरदेव र प्रचण्डदेव यस भूखण्डका त्रिदेव हुन्। यी जता पुगे पनि जयजयकार जारी छ।

तीन दशकयता आलोपालो पुजित यीमध्ये कोचाहिँ शक्तिशाली भन्ने प्रश्न उत्तिकै कठिन छ । तीन दशकमा जगतले झन्डै झन्डै यिनकै मात्र लीला देख्यो । यिनकै कलह र लीलाले 'ने' मुनीको यस तपोभूमीका जन व्याकुल भए भने त्रिदेवकै दयाले शान्त । यी तीनको शक्तिको आदि र अन्त्य अझै पत्ता लागेको छैन।

खड्गदेव

भाद्र प्रलयपछि खड्गदेव सैनिक वाहनमार्फत कुनै गुप्त इलाका अन्तर्ध्यान भए । च्यासल–लोकमा झन्डै दुई हप्ता शून्यता र शोक छायो । दुई हप्तासम्म कुलदेव प्रकट नहुँदा दर्शनार्थ सेवक जन व्याकुल बने। 'हा जेन्जी, हा जेन्जी' भन्दै ती विचेत भए। 'महाईश'ले गुन्डुमा देवपुर स्थापना गरेपछि भने प्रलय केही हदसम्म टरेको आभास भएको छ । देवपुर अहिले गुल्जार छ, भजनकृतन जारी छ।

भूतप्रेत, प्रथम गण आदि थुप्रिँदै र थपिँदै भन्दैछन्, 'यो नेपाल खण्ड स्वयं खड्गदेवको कृपा हो । उहाँकै राष्ट्रवादको प्रतापले यो भूमि स्थिर छ। लोकतन्त्रका यी सबै पात उनकै इसारामा हल्लिरहेछन् । जाबो टिकटको के कुरा, सर्वै ज्ञान उहाँ अधीनस्थ छ । जेन्जी प्रलय त दैत्यहरूको षड्यन्त्र हो। गुन्डुबाट एकै बाण हानेर प्रभोले हाम्रा सबै संकट अब दूर गराउँछन्, महाभेला त आउन पाओस्!'

शेरदेव

जेन्जी प्रलयमा अर्का महारथी शेरदेवमाथि त दैत्यहरूको नृशंस प्रहारै भयो, ज्यानमाथि धावा बोलियो, दरबारै दहन भयो। तर दैत्यका यस्ता उद्दण्ड हरकतबाट कति पनि विचलित हुनुहुन्न शेरदेव । ज्योतिषीको भविष्यवाणीलाई गलत ठहराउनु पाप हो भन्ने उहाँको सन्देश काठमाडौँको कुनै गुप्त आवास क्षेत्रबाट अहिले पनि प्रवाहित भइरहेको छ । सेवकहरू भन्दैछन्, 'त्रीदेवमध्ये यिनै मूल हुन्। प्रजातन्त्रको मियो यिनै इष्टदेवको निवासमा गाडिएको छ । अन्यत्रका खम्बा सबै फलामका, यहीँको स्वर्णखम्वा। लोक चुनाउभन्दा पहिले नै महाभेला गरेर प्रभुको शक्तिउपर सन्देह गर्नु पाप हो । लोकको उन्नति उनकै निरन्तर सेवा र भक्तिमा निहित छ ।' कृष्ण र कल्याण अहिले भजन गाइरहेछन्।

प्रचण्डदेव

प्रचण्ड देवको तुमुल ध्वनि अहिले पनि पेरिसपुरमा गुन्जेकै छ । दैत्यातंकको केही हप्ता विलुप्त उहाँ अहिले झन्डै दश साम्यवादी टाउकाहरू थुपारेर 'दशःपूर'को निर्माणमा जुट्नुभएको छ । यो दशःपूर हुन्छ या दशापुर, त्यो भविष्यकै गर्तमा छ, तर केही बलिया कमरेड–गणहरूले साथ छाडे पनि प्रचण्ड देवको गर्जन उस्तै छ । रातो वस्त्रमा लडाकु नृत्यसँगै क्रान्तिकारी भजन चलिरहेकै छ । भजनकर्ताहरू भन्दैछन्, 'मुक्ति र विजयको रातो झन्डा केबल प्रचण्डदेवकै पलङमा सुहाउँछ ।' यी त भए तीन मूलेश्वरको कुरा, मत्र्यलोकमा अचेल युट्युब, फेसबुक र टिकटकबाट पनि देवहरू जन्मँदैछन्।

रविदेव

सारा षड्यन्त्र र जेलको फलामे ढोका नाघेर रविदेवको प्रताप मत्र्य लोकमा फैलँदो छ । आखिर वसुदेव पनि कंसको जेलमै परेका थिए । कैदमै कृष्णोदय भएको थियो । लोकले यो कुरा नबुझेको कहाँ छ र ? घण्टी बजाउँदै सकल पूजक आरतीमा लामबद्ध छन् । रविकिरणको तीव्रता सहन नसक्ने असन्तोषीहरू भने आँखा छोप्दै छहारी खोजिरहेछन्।

कूलदेव

देवगणको लाइनमा आफ्ना कुल र वंशको मानका खातिर, बिजुलीको 'गुलुप' बोकेर रण मैदानमा आइपुगेका छन् अर्का देव । उपासकहरूको ठहर छ–सूर्यको उज्यालोसमेत धेरै हदसम्म कुलकै कृपा हो, जुनसुकै अँध्यारोलाई चिर्न सक्ने उनैबाट यस लोकको कल्याण र मुक्ति सम्भव हुनेछ । भक्तजनहरू भन्दैछन्, 'देशभरका विद्युत् प्राधिकरणका कार्यालयहरूलाई नै स्वतः प्रार्थना स्थल बनाउँदा पो हुन्छ कि !'

हर्षदेव

बराह क्षेत्र नजिकै प्रकट भएका यी देव लोकको विशेष रत्न हुन्। उनी ढुंगामा प्रकट हुन्छन् र माटामा मिल्छन्। डोको उनको शोभा हो, नाम्लो उनको गहना। फेसबुक उनको क्रीडास्थल। ढुंगाबाटै सुन फलाउने हुंकार गर्ने यी श्रमदेवको प्रतापमा लोक हर्क–बढाइँ गरिरहेछ । लोक भन्दो छ, 'पापाचारमा डुबेको यस लोकलाई हर्कदेवले ढुंगाले नै थिचेर ठिक पार्नेछन्। लोक–चुनाऊ त आओस्, पापीहरूको भागाभाग हुनेछ ।'

खगेन्द्रदेव

लोहा–कवचमा उत्रिएर राजेश हमालको शैलीमा गर्जदै बैरीहरूको हुर्मत लिने खगेन्देव निःसहायहरूको आशा र भरोसाका केन्द्र हुन् । झन्डै चित्रका विश्वकर्माझैँ फलामे माला लगाउने उनी भक्तजनसामु भन्दैछन्, 'संकटमा मलाई आह्वान मात्रै गर्नु, बुलेट बाइकमै प्रकट हुनेछु।'

चन्द्रदेव

चन्द्रकान्त (सिके) प्रभो स्वयंलाई मुक्तिदाता बताउन अप्ठ्यारो मान्नुहुन्न । कुनै बेला स्वदेशकै दक्षिणी खण्डलाई 'देवराज्य'का रूपमा अलग परिचय दिने उहाँको पहल थियो । मनुवाको जन्ममा उहाँले लोकलाई वैज्ञानिक र विद्वान भएर सेवा गरेको सत्य हो, तर यताका केही वर्ष उहाँ त्रिदेवहरूको रथमा समेत नारिनुभयो । रथको डोरी चुँडिने बित्तिकै ताण्डव स्तोत्र गाउने उहाँको महिमा अपरम्पार छ।

दुर्गादेव

जगत् जननी दुर्गाको अटल नामसँग नझुक्किनुस् । यी दुर्गा मत्र्य लोकका मसिहा हुन् । यस भूखण्डका तीनै देवको सेवा गरी भ्याएका यिनले भूतप्रेत, प्रथम गणलगायत सबैको साधना गरिसकेका छन् । यिनको तीनकुने ताण्डव विशेष रह्यो। यी जहाँ पुग्छन्, त्यहाँका दुखियालाई मुक्तिको बतासे मार्ग देखाउन सफल रहन्छन् । त्यसैले, सञ्जालमार्फत हुरुरु जनसमक्ष पुगिहाल्छन् र कर्कश सन्देश छाड्न (छाद्न!) भ्याइहाल्छन् । कतिपय निमुखा गण अझै पनि यिनबाट आशा गर्छन् र इन्टरनेट–भजन गाउँछन्।

झन्डै टपटेनमध्ये केही देवताहरूको यहाँ महिमा गाइयो, तर हामीसँग धेरै देउता छन्, प्रायः सबै सञ्जालबाट प्रकट भएका। तिनको चर्चा गरिसाध्य छैन । कुनै अर्थशास्त्रको मार्कसिट देखाउँछन् त, कुनै अक्सफोर्डका पात्रो, कोही डाक्टरी स्टेथस्कोप देखाउँछन् भने कोही बहुराष्ट्रिय मजेत्रो । कोही आकाशमा नगर बसाउने कुरा गर्छन् त कोही समुन्द्रमा। कोही इन्द्रासन सिधै धर्तीमा झार्ने कुरा गर्छन् त कोही गाँजाको सर्कोबाटै रैतीलाई देश दुनियाँ घुमाउने पर्यटकीय योजना ल्याउँछन्। यस्ता विचित्र देवका भजनहरू सञ्जालमा व्याप्त छ, मात्र स्मार्टफोन खोल्नुपर्छ।

तर सबै सेवकको उस्तै ठहर छ–तिनका देव महाश्रेष्ठ हुन् । प्रश्नभन्दा माथि, केवल अर्चनाका लायक । तिनकै देवको तेज ज्यादा छ । उनकै ख्वामितको कद ठूलो छ । आफ्नै मालिकको डाँक चर्को छ । तिनकै प्रभुको शक्ति अपरम्पार छ। आफ्ना अधिपतिबाहेक सबै धुलाका कण हुन्। जगतमा अगाडि जेजे हुनेछ, आफ्नै मालिकको योजना र कल्पनामा हुनेछ। यिनै आदि नायकको पछि लाग्नु लोकको लागि कल्याणकारी हुनेछ भन्दै सञ्जालमा प्रथम गणहरू नाद गरिरहेछन्।

को ठूलो भन्ने ठहर गर्न खप्पिस देवादीदेव हामीमाझ मत्र्य लोकमा हुनुहुन्न । मंसिरको जाडोमा बाजे कैलाशमै शिरोक ओढेर गुँडुल्किएका होलान्। यहाँका छोटेमोटे देउतामध्ये को ठूलो भन्ने ठहर गर्न त आउँदो फाल्गुनकै चुनाऊ कुर्ने त होला नि!

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ।

# कांग्रेस–एमालेको अहंकार र दम्भ अझै हटेको छैनः दाहाल



दाङ – नेपाली कम्युनिष्ट पार्टीका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'ले केवल चुनाव जितेर देशमा परिवर्तन सम्भव नहुने बताएका छन् । शनिबार लमहीमा आयोजित लुम्बिनी प्रदेशस्तरीय एकता सन्देश सभामा बोल्दै उनले कांग्रेस–एमालेको एकतापछि बनेको दुई तिहाई सरकारले पनि कुनै ठोस काम गर्न नसकेको उदाहरण पेश गरे।

प्रचण्डले भने, 'चुनाव जितेर मात्र केही हुँदोरहेनछ । यदि चुनाव जितेर सबै हुने भए कांग्रेस–एमालेको दुई तिहाई सरकारले के नाप्यो ? अन्त्यमा त हेलिकोप्टरमा चढेर भाग्नुप¥यो। त्यसैले दुई तिहाईले पनि परिणाम छैन भन्ने कुरा प्रमाणित भइसकेको छ।'

उनका अनुसार वास्तविक शक्ति जनताको एकतामा निहित हुन्छ । 'जनताको एकताको तागत बनाइ प्रतिगामी हस्तक्षेपविरुद्ध संघर्ष गर्ने प्रतिबद्धताले मात्र नेपाल र नेपालीको जित सुनिश्चित हुन्छ,' प्रचण्डले स्पष्ट पारे, 'यो एकता केही सिट जितेर हुने काम होइन, यो व्यापक परिवर्तनका लागि हो ।'उनले चुनाव जितेर सत्तामा पुगेपनि हेलिकप्टर चढेर भाग्नुपर्ने अवस्था आएको बताएका हुन्।'चुनाव जितेर मात्रै केही नाप्दो रहेनछ र हेलिकोप्टर चढेर भाग्नु पर्ने रहेछ। ठूलो कुरा जनताबीचको एकता आवश्यक रहेछ,' उनले भने, 'मैले संसदको रोष्ट्रमबाटै भनेको थिएँ। बहुमतको धेरै दम्भ नदेखाउनुहोस् यस्तै अवस्था रहे कुनै दिन जनताले लेखेट्ने छन् भनेर। आज उहाँ (केपी शर्मा ओली)ले यो सबै प्रचण्डले गरायो भन्दै हिँडेको सुन्छौं। तर उहाँको अझै पनि अहंकार त्यागेको देखिँदैन।'

उनले लामो छलफल र संकल्पबाट १५ वटा पार्टीबीच एकता भएको बताए। त्यसलाई जनताले उत्साहसाथ अनुमोदन गरेको बताए।

'भदौ २४ गतेको विध्वंस देख्यौं, केही घन्टामै देश जलाएको देख्यौं।

सिंहदरबार, सर्वोच्च अदालत, प्रहरी चौकी जलाएको देख्यौं। केही घन्टामै देश बर्बाद पारी जलाउन सक्नेहरू देख्यौं,' उनले भने, 'विगतमा हाम्रा पुर्खा लडेर, रगत बगाएर, त्याग र तपस्याले जोगाएको देशको स्वाधिनता क्षणभरमै स्वाहा भएको देख्यौं। हाम्रो राज्य संयन्त्र कति कमजोर भएको हो, हाम्रो सुरक्षा प्रणाली कति कमजोर भएको हो भन्ने लाग्यो।'

उनले फेरि पनि देश बनाउन वर्षौं संघर्ष र त्याग गरेका दलहरूबाट मात्रै सम्भव हुने बताए। सबैभन्दा बढी देशभक्त कम्युनिष्टहरू नै हुने दाबी गर्दै उनले २००६ सालदेखि जनआन्दोलनसम्म हजारौं सहिदको बलिदानी र त्यागबाट आजको परिवर्तन सम्भव भएको बताए।

'म माओवादीमा सर्वोच्च कमाण्डर हुँदा माधवजी एमालेको महासचिव हुनुहुन्थ्यो,' प्रचण्डले भने, 'पहिलोपटक माधव कमरेडले नै बामदेब गौतम र युवराज ज्ञवालीलाई रोल्पा पठाएर वार्ता गर्नुभएको थियो। त्यसमा बामदेब कमरेड र मैले हस्ताक्षर गरेका थियौं।'

त्यस्तै उनले माधव नेपाल लगायतका नेताहरूसंगको सहकार्यका कारण पंचायत ढलाउन र पछिल्लो समय संघीय गणतन्त्र ल्याउन निर्णायक भूमिका खेलेको चर्चा गरे।

प्रचण्डले कांग्रेस–एमाले नेतृत्वमा अहंकार र दम्भ अझै कायम रहेको टिप्पणी पनि गरे। उनले सम्झिँदै भने, "त्यो बेला मैले सदनमा नै दुई तिहाईको घमण्डले तपाईंहरूलाई जनतासँग टाढा बनाएको छ भनेको थिएँ। अन्ततः जनताले लखेटिदिए। आज केपी ओलीले सबै प्रचण्डले गरायो भन्नुहुन्छ, तर त्यो उनको आफ्नै कुकर्मको परिणाम हो भन्ने बोध अझै उनले गरेका छैनन्।"

# पीडितलाई अन्याय हुन नदिने मन्त्री खरेलको प्रतिबद्धता

**काठमाडौँ।**
स्मार्ट टेलिकम पीडितहरुले टावर व्यवस्थापन, घरभाडालगायत समस्या समाधानका लागि सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलसमक्ष पहल गरिदिन आग्रह गरेका छन्।

सञ्चारमन्त्रीसँग शुक्रबार भएको भेटमा उनीहरूले आफूहरु लामो समयदेखि पीडित रहेको भन्दै स्मार्ट पीडितले स्मार्ट टेलिकमका कारण उत्पन्न समस्या समाधानमा सकारात्मक हस्तक्षेपको अपेक्षा गरेको बताए।

पीडितका समस्या सुनेपछि मन्त्री खरेलले कसैलाई अन्याय हुन नदिने बताए । उनले भने, 'कसैलाई अन्याय हुन दिन्नौँ, नियामक निकायसँग बुझेर समस्या समाधानको पहलकदमी लिन्छौँ।'

स्मार्ट टेलिकम टावर पीडित संयोजक कृष्णबहादुर थापाले भने, ' कम्पनी खारेज भएको तीन वर्ष बितिसक्दा टावर व्यवस्थापन भएको छैन । टावरको भाडा पनि पाइएको छैन, बिजुलीको पैसा उठेको छैन।'

स्मार्ट बन्द हुँदा धैरै सङ्ख्यामा नेपालीले रोजगारी गुमाएको उनीहरुको भनाइ छ । स्मार्ट कार्ड र सिम कार्डमा लगानी गरेका व्यवसायीको लगानी खेर गएको छ । कम्पनी बन्द भएको तीन वर्ष बितिसक्दा बैंकलाई ब्याज बुझाउनुपरेको तर कार्डको पैसा फिर्ता आउने टुङ्गो नभएको पीडितको गुनासो छ ।स्मार्ट समस्या समाधान समूहमा स्मार्ट कार्ड समूह, टावर राखेको घरबेटीहरुको समूह, स्मार्टमै काम गर्ने कर्मचारीलगायत छन् । अनुमतिपत्र नवीकरणका लागि निवेदन पेस नगरेकाले दूरसञ्चार ऐनबमोजिम स्मार्ट टेलिकमको अनुमतिपत्र २०८० साल वैशाख ३ गते स्वतः खारेज भएको थियो ।रासस

# दोलखामा एमाले प्रतिनिधि सर्वसम्मत

**दोलखा।**
नेपाल कम्युनिष्ट पार्टी (एमाले) दोलखाले पार्टीको ११औँ महाधिवेशनका लागि महाधिवेशन प्रतिनिधि सर्वसम्मत रुपमा चयन गरेको छ।

नेकपा (एमाले) दोलखाले शनिवार एक पत्रकार सम्मेलन आयोजना गर्दै सर्वसम्मत प्रतिनिधि चयन गरेको जानकारी दिएको हो।

महाधिवेशन प्रतिनिधिहरूमा खुलातर्फ मेलुङ गाउँपालिकाबाट प्रतिनिधित्व गर्दै जिल्ला अध्यक्ष नरबहादुर श्रेष्ठ, भिमेश्वर नगरपालिकाबाट भरतबहादुर केसी, तामाकोशी गाउँपालिकाबाट ईश्वर पोखरेल र कालिञ्चोक गाउँपालिकाबाट डबल पाण्डे प्रतिनिधिमा चयन भए।

महिलातर्फ बैतश्वर गाउँपालिकाबाट शान्तिकुमारी तामाङ, गौरीशङ्कर गाउँपालिकाबाट उर्मिला थामी र बिगु गाउँपालिकाबाट शारदा राणा छनोट भएको जनाइएको छ।

दलिततर्फबाट शैलुङ गाउँपालिकाबाट विशाल विक र युवातर्फ जिरी नगरपालिकाबाट लक्ष्मण गुभाजु महाधिवेशन प्रतिनिधिमा चयन गरिएको एमाले दोलखाका अध्यक्ष नरबहादुर श्रेष्ठले बताए।

जिल्लाबाट जम्मा नौ जना प्रतिनिधि सर्वसम्मत रूपमा चयन गरिएको उनले बताए । एमालेको ११औँ राष्ट्रिय महाधिवेशन आगामी मङ्सिर २७ देखि २९ गतेसम्म काठमाडौँमा तय गरिएको छ । दोलखामा दुई पोलिटब्यरो सदस्यहरु भएको जिल्लामा ९ महाधिबेशन प्रतिनिधि मध्ये ५ पार्बत गुरुङ पक्षधर र चा् आनन्दप्रसाद पोखरेल पक्षधर चयन छ ।रासस

# देशैभरि भ्रष्टाचार विरोधी अभियान चलाउन प्रलोपाले बनायो कार्यदल

प्रगतिशील लोकतान्त्रिक पार्टी (प्रलोपा) ले देशव्यापी रूपमा भ्रष्टाचारविरोधी अभियान सञ्चालन गर्ने निर्णय गरेको छ । शुक्रबार काठमाडौंमा बसेको पार्टीको विस्तारित बैठकले अभियानलाई प्रभावकारी बनाउन छ सदस्यीय कार्यदल गठन गरेको जानकारी नेता सुदन किराँतीले दिए । जिएस गुरुंगको संयोजकत्वमा बनेको कार्यदलमा जटिल कार्की, अमित खनाल (ऊर्जा), सम्झना राई, ध्रुव प्रसाद काप्री, मञ्जु मिक्चान र दीपक महतो सदस्यका रूपमा रहेका छन् । बैठकले प्रलोपासँग ठूलो एकता, ध्रुवीकरण र सहकार्यका लागि सबै प्रगतिशील, लोकतान्त्रिक तथा देशप्रेमी शक्तिहरूलाई सहभागी हुन आग्रह गरेको छ । पार्टीले वार्ता र संवादका लागि आफू सधैं खुला रहने पनि स्पष्ट पारेको छ।

यस्तै, तोकिएको समयमा निर्वाचन सम्पन्न गराउन उपयुक्त वातावरण सिर्जना गर्न सबै पक्षलाई प्रलोपाले आह्वान गरेको छ । बैठकले सरकारको ध्यान आकर्षित गराउँदै चार प्रमुख मुद्दा अगाडि सारेको छ।

पहिलो, जेन्जी आन्दोलनको म्यान्डेट शीघ्र कार्यान्वयन गरी भ्रष्टाचारमा संलग्न व्यक्तिहरूको छानबिन र कारबाही सुनिश्चित गर्न माग गरियो । दोस्रो, भदौ २३ र २४ गते सरकारी पक्षबाट भएको भनिएको नरसंहारको छानबिनका लागि गठन भएको आयोगलाई तीव्र गतिमा काम अघि बढाई दोषीहरू विरुद्ध कारबाही सिफारिस गर्न आग्रह गरियो।

तेस्रो, आगामी निर्वाचनमा विदेशस्थित प्रवासी नेपाली नागरिकलाई मतदान अधिकार सुनिश्चित गर्न प्रलोपा ले जोड दिएको छ । चौथो, आफ्नै जिल्लाको निर्धारित मतदान केन्द्रमा पुग्न नसक्ने मतदाताले बसोबास गरिरहेको स्थानमै मत खसाल्न पाउने व्यवस्था गर्न पनि पार्टीले माग गरेको छ।

# फागुन २१ मा निर्वाचन हुँदैनः दुर्गा प्रसाईं



काठमाडौँ – मेडिकल व्यवसायी दुर्गा प्रसाईंले आगामी फागुन २१ गते निर्धारित निर्वाचन हुने सम्भावना नरहेको दाबी गरेका छन् । शनिबार पत्रकारहरूसँग कुरा गर्दै उनले निर्वाचन स्थगित हुने निश्चितजस्तै देखिएको दाबी गरे।

प्रसाईंले अहिलेको अन्तरिम सरकार र त्यसका नेतृत्वकर्ताहरू विगतका सरकारभन्दा फरक नभएको आरोप लगाए। उनका अनुसार सत्तामा रहेका सबैको 'जात एउटै'—भ्रष्टाचारमै लिप्त—रहेको छ । उनले अन्तरिम सरकारकी प्रधानमन्त्री सुशीला कार्कीमाथि पनि सरकारी जग्गा अतिक्रमण गरेको गम्भीर आरोप लगाए।

आफूले भने कहिल्यै कुनै भ्रष्टाचार वा अनियमितता नगरेको दाबी गर्दै प्रसाईंले भने, 'चुनाव हुँदैन, स्पष्ट छ । भ्रष्टाचारविरोधीको नाम लिनेहरू स्वयं नै जग्गा मिचिरहेका छन्।'

प्रसाईंले मंसिर २२ गते प्रधानमन्त्री सुशीला कार्कीसँग आफ्ना मागबारे भेटवार्ता तय भएको जानकारी दिए।

वार्ताबाट मागको आधा मात्र सम्बोधन हुने आशा रहेको बताउँदै उनले माग पूरा नभए आन्दोलनमा उत्रिने चेतावनी समेत दिए।

# जनताको असन्तुष्टिको नेतृत्व गर्न सकेनौंः वर्षमान पुन



नेपाली कम्युनिस्ट पार्टीका नेता वर्षमान पुनले माओवादीले जनताको असन्तुष्टिलाई समयमा नेतृत्व गर्न नसक्नु आफूहरूका कमजोरीमध्ये एक भएको स्वीकार गरेका छन् । शनिबार दाङको लमहीमा आयोजित लुम्बिनी प्रदेशस्तरीय एकता सन्देश सभामा बोल्दै उनले कांग्रेस र एमालेले सरकारमा रहेर जनतालाई हेप्ने प्रवृत्तिबारे आफूहरूले पहिल्यै चेतावनी दिएको दाबी गरे । पुनका अनुसार माओवादीले जनतामा बढिरहेको असन्तुष्टि र राष्ट्रव्यापी राजनीतिक अस्थिरताबारे कांग्रेस–एमाले नेतृत्वलाई समयमै जानकारी गराए पनि उनीहरूले बेवास्ता गरे। उनले भने, 'कांग्रेस र एमालेका नेताहरूले यस्तै शैलीमा शासन चलाउने हो भने कुनै पनि बेला ठूलो हावाहुरी आउन सक्छ भनेर हामीले धेरैपटक भनेका थियौँ, तर सुनिएन।'

पुनले जनताको असन्तुष्टि बुझ्ने र विश्लेषण गर्ने काम भए पनि त्यसलाई व्यवस्थित रूपमा नेतृत्व गर्न नसक्नु आफ्नो पक्षको मुख्य कमजोरी रहेको टिप्पणी गरे।

उनले जनतालाई हेपिएको परिणाम तत्कालीन सत्तापक्षसँगै देशले पनि भोग्नुपरेको बताए। सुशासनका लागि काम गरिरहेको प्रचण्ड नेतृत्वको सरकार योजनाबद्ध रूपमा ढाल्न कांग्रेस–एमाले एकताबद्ध भएको आरोप पनि पुनले लगाए।

केपी शर्मा ओली नेतृत्वको सरकारले गरेका कथित गलत कार्यविरुद्ध आफूहरूले संसद र सडक दुवै मोर्चाबाट निरन्तर आवाज उठाए पनि सुनुवाइ नभएको पुनको भनाइ थियो । यही कुशासनकै परिणामस्वरूप जन्जी आन्दोलन उत्पन्न भएको उनले तर्क गरे।

आगामी फागुन २१ का लागि घोषित मध्यावधि निर्वाचनमा आफ्नो दल पहिलो शक्ति बन्नेमा कसैले रोक्न नसक्ने दाबी पनि पुनले गरे।

# एमाले महाधिवेशनः बुद्धिजीवी परिषद् र प्रेस चौतारीबाट प्रतिनिधि चयन

**काठमाडौँ।**
नेपाल कम्युनिष्ट पार्टी (एमाले) को आसन्न ११औँ राष्ट्रिय महाधिवेशनका लागि प्रेस चौतारी नेपालले सर्वसम्मत रूपमा प्रतिनिधि चयन गरेको छ।

शनिवार बसेको प्रेस चौतारी पदाधिकारी बैठकले पूर्वअध्यक्षद्वय राजेन्द्र अर्याल र गणेश बस्नेत तथा हालका अध्यक्ष गणेश पाण्डेलाई खुलातर्फ र महिलातर्फ सचिवालय सदस्य प्रतिमा शिलवाल र मिना विश्वकर्मालाई प्रतिनिधि चयन गरेको हो । प्रेस चौतारी एमालेको जनसङ्गठनका रूपमा रहेको छ।

यस्तै, नेपाल बुद्धिजीवी परिषद्बाट खुलातर्फ गोविन्दबहादुर शाही, सरोजकुमार रेग्मी, पदमबहादुर विक तथा महिलातर्फ सृजना घिमिरे र डा टीका ढकाल पनि सर्वसम्मत चयन भएका छन।

आज एमालेले महाधिवेशनका लागि देशभरि नै प्रतिनिधि चयन गरिरहेको छ । एमाले महाधिवेशन यही मङ्सिर २७–२९ मा हुँदैछ । रासस

# मति सुध्रिन्छ भने स्याबास भनौंलाः नेपाल

दाङ – नेपाली कम्युनिष्ट पार्टीका सह–संयोजक माधवकुमार नेपालले अध्यक्ष केपी शर्मा ओलीलाई सुधार्न गरिएको प्रयास सफल नभएको बताएका छन् । लमहीमा आयोजित लुम्बिनी प्रदेशस्तरीय एकता सन्देश सभालाई सम्बोधन गर्दै उनले ओलीका गतिविधि परिवर्तन गर्ने प्रयास आफू र आफ्ना सहकर्मीहरूबाट भए पनि परिणाम भने नदेखिएको बताए।

नेपालले भने, 'मैले धेरै साथीहरूलाई भनेको थिएँ—सक्नुहुन्छ भने सुधार्नुस् । तर बाल्यकालदेखि लागेको बानी सजिलै सुध्रिँदोरहेनछ । अब पनि मति सुध्रियो भने स्वागत छ, हामी अझै ठूलो मालाले सम्मान गर्न तयार छौँ। सबै मानिस असल भए देश, जनता र समाजका लागि राम्रो हुन्छ।'

उनका अनुसार देशको विकास र अग्रगति नै आफ्नो मुख्य चाहना हो, व्यक्तिगत स्वार्थ होइन। 'देशलाई अघि बढाउन सबैले समर्पित भएर काम गरिदिए पुग्छ,' नेपालले थपे।

# ताप्लेजुङमा एमाले प्रतिनिधि सर्वसम्मत

**ताप्लेजुङ।**
नेपाल कम्युनिष्ट पार्टी (एमाले) को यही मङ्सिर २७ गते काठमाडौँमा हुने ११औँ राष्ट्रिय महाधिवेशनका लागि यहाँबाट १२ जना प्रतिनिधि सर्वसम्मत चयन भएका छन् । निर्वाचन अधिकृत राजकुमार चुडालका अनुसार खुलातर्फ दिपेन पोमु, घनेन्द्र मादेन, अनन्त साँवा, कैलाश राई, ज्ञानु लावती र छत्रपति प्याकुरेल सर्वसम्मत चयन भएका छन। महिलातर्फ रनमाया गुरुङ, मीना केदेम, प्रमिला खनाल र टीका सुवेदी चयन भएका छन। युवातर्फ गोपाल न्यौपाने र दलिततर्फ बुद्धिमान परियार चयन भएका छन ।रासस

# बजार अनुमगनलाई तीव्र पार्दै विभाग

**काठमाडौँ।**
चाडबाडको समयमा मात्रै बजार अनुगमन गरेको र अन्य समयमा भने चुपचाप बस्ने गरेको भनेर वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागप्रति गुनासो हुने गरेको थियो। तर, विभागका पछिल्ला गतिविधि र बजार अनुगमनलाई आयोजकले तीव्र पारेको छ। विभागले शुक्रबार मात्रै काठमाडाब्का विभिन्न आठ उद्योग तथा फर्मको अनुमगन गरेको थियो । त्यसक्रममा क्रिष्टल स्टोर तारकेश्वर गोलढुङ्गालाई दुई लाख पाँच हजार रुपैयाँ जरिवाना गरेको छ।
विभागले अनुगमनको क्रममा उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा १६ र दफा ३८ बमोजिमको कसुरमा सोही ऐनको दफा ३९ को १ बमोजिम कारवाही गरेको हो । त्यसमा वस्तु तथा सेवाको वास्तविक गुणस्तर, परिमाण, मूल्य नापतौल, ढाँचा वा बिक्री वा प्रदान गर्ने कार्यलाई अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप गरेको मानिने उल्लेख छ।
ऐनको दफा ३९ मा 'बजार अनुमगन, निरीक्षण, जाँचबुझ वा खानतलासीको क्रममा तत्काल प्राप्त प्रमाणबाट वस्तुको उत्पादक , ढुवानीकर्ता, सञ्चयकर्ता, पैठारीकर्ता, बिक्रेता वा सेवा प्रदायकले देहायको कुनै कसुर गरेको देखिएमा निजलाई निरीक्षण अधिकृतले जरिवाना गर्न सक्नेछन् । ऐन अनुसार अनुचित व्यपारिक क्रियाकलाप गरेको पाइएको खण्डमा निरीक्षण अधिकृतले अधिकतम दुई लाख रुपैयाँ देखि तीन लाख रुपैयाँ सम्म जरिवाना गर्न सक्नेछन्।
काठमाडौँ महानगरपालिका ३१ नयाँ बानेश्वरमा अवस्थित घुम्ने किचेनलाई २० हजार रुपैयाँ जरिवाना गरेको छ। सिनामङ्गलको ग्रिन बड्स बेकरी क्याफेलाई पाँच हजार रुपैयाँ जरिवाना गरेको छ । ललितपुरको सुमेरु अस्पताल परिसरमा रहेको क्यान्टिनलाई व्यवसायसँग सम्बन्धित कागजात लिई तीन दिनभित्र विभागमा उपस्थित हुन निर्देशन दिएको छ । अन्य तीन फर्मलाई भने सामान्य निर्देशन दिइएको छ। रासस

# 'टिपिएस' विधिबाट आलुखेती



**कञ्चनपुर ।**
शुक्लाफाँटा नगरपालिका–८ नौखरीका व्यावसायिक तरकारीखेतीमा संलग्न किसान महादेव चौधरीले यस वर्ष पहिलोपटक टिपिएस (ट्र्यु पोटेटो सिडस) विधिबाट आलुखेती गरेका छन । चौधरीले आलुको बिँडाबाट प्राप्त वास्तविक बियाँ प्रयोग गरी नर्सरीमा बिरुवा उत्पादन गरेपछि खेतमा सारेर उनले बिरुवा रोपेका हुन ।
चौधरीका अनुसार टिपिएस विधिबाट प्राप्त बिरुवा रोगप्रतिरोधी, स्वस्थ र बढी उत्पादन दिने भएकाले यसलाई प्राथमिकता दिएको बताए । 'पहिले बियाँ रोपेर वेर्ना बनायौँ, त्यसपछि खेतमा सारेर रोप्यौँ', चौधरीले भने, 'यसबाट आगामी वर्ष रोगमुक्त उच्च गुणस्तरको बीउ उत्पादन गर्ने लक्ष्य छ ।'
एक दशकदेखि व्यावसायिक तरकारीखेतीमा संलग्न चौधरीका लागि टिपिएस विधि बियाँ उत्पादनतर्फको प्रवेशको पहिलो अनुभवका रूपमा रहेको छ । आधुनिक आलु उत्पादन प्रविधि उपयोग गरेर बीउ उत्पादन लागत घट्ने, रोगको जोखिम कम हुने र उत्पादन वृद्धि हुने भएकाले नयाँ विधि अपनाएको चौधरीले बताए ।
हाल चौधरीले दुई कट्ठा क्षेत्रमा बियाँबाट तयार पारिएका आलुका बिरुवा रोपेका छन । आउँदो वर्ष दश कट्ठा जग्गामा यसै विधिबाट उत्पादन भएको मूल बीउ रोपेर रोगमुक्त आलु बीउ उत्पादन गर्ने लक्ष्य राखेका छन । टिपिएसबाट उत्पादन हुने बीउको मूल्य अधिक हुने भएकाले आम्दानीमा उल्लेख्य वृद्धि हुने उनको अपेक्षा रहेको छ । चौधरीले हाल आलुसँगै काउली, गोलभेडा, खुर्सानी, बन्दागोभी, तिते करेला, काँक्रा, लौका, फर्सी र तने बोडी गरी दश कट्ठा क्षेत्रफलमा विविध सागसब्जीखेती गर्दै आएका छन ।
सागसब्जी उत्पादनबाट चौधरीले वार्षिक सात लाख रुपैयाँ भन्दा बढी आम्दानी गर्दै आएका छन । 'टिपिएस आलुखेतीलाई भविष्यमा बीउ उत्पादन तथा आधुनिक तरकारी व्यवसाय विस्तारको मुख्य आधारका रूपमा लिएको छु', उनले भने, 'यसरी उत्पादन भएको आलुको बीउलाई व्यावसायिक रूपमा आलुखेती गर्ने किसानलाई उपलव्ध गराउने योजना छ ।'
पहिलो पुस्ताको आलुको बीउ प्रयोग गरी खेती गरिए उत्पादन बढ्नुका साथै छ वर्षसम्म बीउका रूपमा प्रयोग गर्न सकिने उनि बताउछन । यस प्रविधिबाट आलुको बीउ उत्पादन गर्न किसानलाई सिकाउने उनले उद्देश्य लिएका छन । बाह्य जिल्लाका किसानले बियाँबाट बिरुवा तयार गरी आलु रोपेको देखेर चौधरीले त्यो तरिका सिकेर आलुको बीउ उत्पादनमा संलग्न हुनुभएको हो ।रासस

# वित्तीय सङ्घीयता कार्यान्वयनका समस्या समाधान गर्न माग

**काठमाडौँ।**
मधेस प्रदेशका मुख्यमन्त्री र अन्य प्रदेशका आर्थिक मामिलामन्त्रीले वित्तीय सङ्घीयता कार्यान्वयनमा देखापरेका समस्या समाधानका लागि विभिन्न उपायको खोजी गर्दै साझा मतका साथ अगाडि बढ्नुपर्नेमा जोड दिएका छन।
वित्तीय सङ्घीयता कार्यान्वयनको क्रममा देखापरेका समस्या क्रमशः समाधान हुँदै आएका भए पनि नयाँ परिस्थितीमा नयाँ खालका समस्या देखा पर्ने भएकाले त्यसको समाधानका उपाय खोज्नुपर्ने उनहरुको भनाइ थियो । अन्तर सरकारी वित्त परिषदको एघारौँ बैठकमा मधेस प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादव र अन्य प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्रीलगायत परिषद्का सदस्य एवं विज्ञले वित्तीय सङ्घीयता कार्यान्वयनको सम्बन्धमा देखापरेका समस्या र समाधानका उपायका सम्बन्धमा आआफ्नो धारणा राखेका थिए । कार्यक्रमका दौरान सातै प्रदेशका अर्थमन्त्रीहरुले संयुक्त रूपमा तयार गरेको वित्तीय सङ्घीयता सम्वद्ध घोषणापत्र कार्यान्वयन सहजीकरणका लागि सङ्घीय अर्थमन्त्री समक्ष पेश गरेका थिए । अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ मा भएको व्यवस्था वमोजिम परिषदका संयोजक अर्थमन्त्री रामेश्वर खनालको अध्यक्षतामा परिषदका सदस्यहरु एवं अन्य आमन्त्रित व्यक्तिको उपस्थितिमा शुक्रबार अर्थ मन्त्रालयमा सम्पन्न भएको अर्थमन्त्रालयका प्रवक्ता टङ्कप्रसाद पाण्डेले जानकारी दिए । बैठकमा वित्तीय सङ्घीय समन्वय महाशाखा प्रमुख एवम् सहसचिव सेवन्तक पोखरेलले वित्तीय सङ्घीयता कार्यान्वयनको कार्यक्रममा तीनै तहबाट सुशासनको प्रत्यक्ष अनुभूति हुनेगरी सेवा प्रवाह गर्नुपर्नेमा जोड दिए । उनले सङ्घ, प्रदेश र स्थानीय तहले बजेट तथा आयोजनाको कार्यान्वयन, करको कार्यान्यनको विषयमा देखिएका विवादको निरोपण, राजस्व तथा खर्चको लेखा विधि र त्यसको प्रतिवेदन प्रणाली व्यवस्थित गर्नेलगायतका विषय उल्लेख गरे । यस्तै, जनशक्ति व्यवस्थापन तथा तेस्रो सार्वजनिक वित्त व्यवस्थापन सुधार रणनीति कार्यान्वयन, वित्तीय अनुशासन, आगामी निर्वाचनमा तीन तहको साधनस्रोतको प्रयोग तथा आगामी अन्तरप्रदेश परिषदको बैठकमा राख्नुपर्ने सुझावको लागि समेत बैठक आयोजना गरिएको उनले जानकारी गराएका थिए ।
कार्यक्रममा नगरपालिका सङ्घ र गाउँपालिका महासङ्घका अध्यक्षसहित विभिन्न पालिकाका प्रतिनिधिले वित्तीय समानीकरण अनुदान विनियोजन बमोजिम प्राप्त हुनुपर्ने, वित्तीय सङ्घीयता कार्यान्वयनसँग सम्बन्धित कानुनी तथा प्रक्रियागत विषयमा छिट्टै टुङ्गोमा पुग्नुपर्ने, कानुन कार्यान्वयनका क्रममा देखिएका अन्तर विरोधलाई सम्बोधन गरिनु पर्ने धारणा राखेका थिए । यस्तै, प्रदेश र स्थानीय तहले भोग्नु परेको आयोजना व्यवस्थापन, सङ्गठनात्मक संरचना तथा व्यवस्थापन, जेनजी आन्दोलनमा क्षति भएका भौतिक पुर्वाधार पुनःनिर्माणमा सहयोग हुनपर्ने लगायतका विषयमा धारणा प्रस्तुत गरेका थिए ।
सो अवसरमा अर्थमन्त्री खनालले बजेट निर्माण र कार्यान्वयनमा प्रदेश र स्थानीय तह स्वतन्त्र र स्वयम उत्तरदायी रहेको बताए । उनले वित्तीय सङ्घीयतप्रतिको प्रतिवद्धता व्यक्त गर्दै कार्यान्वयनका क्रममा नै समस्याको पहिचान र समाधानको उपायसमेत पत्ता लाग्ने उल्लेख गरे थिए ।रासस

# नेपाली यू–१९ टोली एसिया कपका लागि छनोट

**काठमाडौँ ।**
नेपाली यू–१९ टोली एसिया कपका लागि छनोट भएको छ । नेपालले शनिवार सेमिफाइनलमा मलेसियालाई ९ विकेटले पराजित गर्दै एसिया कपमा स्थान सुरक्षित गरेको हो ।
संयुक्त अरब इमिरेट्स (यूएई) को अजमान मैदानमा मलेसियाले दिएको ५२ रनको लक्ष्य नेपालले ७.५ ओभरमा एक विकेटको क्षतिमा पूरा ग¥यो । नेपालका वंश क्षेत्रीले अविजित २३ र निश्चल क्षेत्रीले अविजित १५ रन बनाए ।
मलेसियाका मोहम्मद अक्रामले एक विकेट हात पारे ।
यसअघि टस हारेर पहिला ब्याटिङ गरेको मलेसिया १७.२ ओभरमा ५१ रनमा अलआउट भयो । उसका लागि हमजाह पङ्गीले १३, मुहम्मद फतुल मुइनले ११ रन जोडेपनि अन्य ब्याटरले दोहोरो अङ्कमा रन जोड्न सकेनन् ।
नेपालका लागि नितिस कुमार पटेलले चार, चन्दन रामले तीन, कप्तान अशोक धामी, रोशन विश्वकर्मा र अपराजित पौडेलले एक÷एक विकेट लिए ।
कूल १४ टोलीको सहभागिता रहेको यो प्रतियोगिताबाट शीर्ष तीन टोली आगामी एसीसी यू–१९ एसिया कपमा छनोट हुनेछन् ।
यू–१९ एसिया कप आगामी डिसेम्बरमा यूएईमै हुँदैछ ।रासस

# एनपिएलः पोखरा तीन विकेटले पराजित प्लेअफमा पुग्ने लुम्बिनीको सम्भावना कायमै

**काठमाडौँ।**
नेपाल प्रिमियर लिग (एनपिएल)को शनिवारको पहिलो खेलमा लुम्बिनी लायन्सले पोखरा एभेन्जर्सलाई तीन विकेटले पराजित गर्दै प्लेअफमा पुग्ने सम्भावनालाई जीवितै राखेको छ ।पहिलो चार खेलमध्ये तीनमा हार बेहोरेको लुम्बिनी आजको आफ्नो पाँचौ खेलमा जित्नैपर्ने दबाबमा थियो । आजको जीतसँगै लुम्बिनी तालिकामा पाँच खेलबाट चार अङ्कसहित पाँचौ स्थानमा उक्लिएको छ ।
लुम्बिनीसँग हार बेहोरे पनि पोखराको प्लेअफमा पुग्ने सम्भावना भने जीवितै छ । पोखराले हालसम्म चार खेलमध्ये एकमा जीत निकालेको छ । अहिले पोखरासँग दुई अङ्क मात्रै छ ।
लुम्बिनीले पोखराले दिएको १५१ रनको लक्ष्य १९ दशमलव चार ओभरमा सात विकेटको क्षतिमा पूरा ग¥यो । लुम्बिनीका लागि कप्तान रोहित पौडेलले ४० रन बनाए भने निरोशन दिकवेल्लाले महत्वपूर्ण ३७ रन बनाए । साथै सन्दीप जोराले २५ रनको योगदान दिए ।
पोखरा एभेन्जर्सका लागि विपिन खत्री, खत्री मार्क टेलर र सागर ढकालले दुई÷दुई विकेट लिए भने जिमी निशमले एक विकेट हात पारे ।
त्यसअघि टस हारेर पहिले ब्याटिङ गरेको पोखराले निर्धारित २० ओभरमा पाँच विकेट गुमाउँदै १५० रन बनाएको थियो । पोखराले पारीको सुरुआत राम्रो गरेन । उसले १५ रन बनाउँदा दिनेश खरेललाई पहिलो



विकेटका रुपमा र दोस्रो विकेटका रुपमा कप्तान कुशल भुर्तेललाई गुमायो ।
त्यसपछि आएका सुमित बर्मा खाता खोल्न सकेनन् भने तिर्तराज दासले पनि जम्मा एक रन बनाए । तर सातौ ब्याटरका रुपमा आएका जिमी निशम र ओपनर एडम रोसिङटनको जोडीले पाँचौ विकेटका लागि ९२ रनको महत्वपूर्ण साझेदारी ग¥यो । रोसिङटनले ६३ बलमा पाँच छक्का र सात चौकाको सहयोगमा ८१ रन बनाए भने निशमले ५१ रन बनाए ।
लुम्बिनीका लागि शेर मल्ल र तिलक भण्डारीले दुई÷दुई विकेट लिए भने गुलबदिन नाइबले एक विकेट हात पारे । रासस

# जापानमा बेरोजगारी दर २.६ प्रतिशतमा स्थिर

जापानमा अक्टोबर महिनामा बेरोजगारी दर लगातार तेस्रो महिना २.६ प्रतिशतमा स्थिर रहेको छ। तर बेरोजगारहरूको सङ्ख्या बढिरहेको छ ।
आन्तरिक मामिला तथा सञ्चार मन्त्रालयका अनुसार, रोजगारप्राप्त व्यक्तिहरूको सङ्ख्या ६८ लाख ४६ हजार पुगेको छ, जुन अघिल्लो महिनाभन्दा सानो वृद्धि हो। बेरोजगारको सङ्ख्या १८ लाख ५० हजार पुगेको छ, जुन २.२ प्रतिशतले बढेको छ।
बेरोजगारमध्ये चार लाख ६० हजार जनाले अनिच्छापूर्वक जागिर गुमाएका छन्, जुन अघिल्लो महिनाभन्दा ७ प्रतिशत बढी हो। नयाँ रोजगार खोज्ने व्यक्तिहरूको संख्या ५० हजार पुगेको छ, जुन ४.२ प्रतिशतले बढेको छ।
महिला कामदारको सङ्ख्या ३१ लाख ५९ हजार पुगेको छ, जुन जनवरी १९५३ पछि सबैभन्दा उच्च स्तर हो। स्वास्थ्य, श्रम तथा कल्याण मन्त्रालयका अनुसार, अक्टोबरमा रोजगार उपलब्धता अनुपात १.१८ रहेको छ। यसको अर्थ, प्रत्येक १०० रोजगार खोज्ने व्यक्तिका लागि ११८ जागिर उपलब्ध छन्। यो अनुपात जनवरी सन् २०२२ पछि पहिलो पटक १.२० भन्दा तल झरेको छ। मन्त्रालयलेस्व–चेकआउट प्रणालीको प्रयोग र न्यूनतम तलबमा क्रमिक वृद्धिले यसमा केही प्रभाव पारेको जनाएको छ ।एजेन्सी

# युक्रेनी राष्ट्रपति जेलेन्स्कीको चिफ अफ स्टाफको घर र कार्यालयमा छापा

युक्रेनका राष्ट्रपति भोलोदिमर जेलेन्स्कीका चिफ अफ स्टाफ एन्ड्री यर्माकका घर तथा कार्यालयमा भ्रष्टाचारविरोधी एकाइहरूले छापा मारेको छ। रूसको आक्रमण रोक्ने प्रयास र अमेरिकी सहयोग सुनिश्चित गर्ने प्रक्रियाबीच उत्पन्न भएको यो घटना किएभका अधिकारीहरूका लागि एक अवाञ्छित चुनौतीका रूपमा देखिएको छ।
युक्रेनमा भ्रष्टाचारविरुद्ध कार्यरत दुई प्रमुख राष्ट्रिय संस्थाहरू राष्ट्रिय भ्रष्टाचार विरोधी ब्युरो र विशेष भ्रष्टाचार विरोधी अभियोजकको कार्यालयले यर्माकको कार्यालयमा खोजतलास गरेको पुष्टि गरेका छन्। यर्माक स्वयंले पनि आफ्नै अपार्टमेन्टमा अनुसन्धानकर्ताहरू आएको स्वीकार गर्दै टेलिग्राममार्फत 'अनुसन्धानकर्ताहरूले कुनै बाधा पाएका छैनन्, मैले पूर्ण सहयोग गरिरहेको छु र मेरा कानूनी प्रतिनिधिहरू उपस्थित छन्' भने।
यी दुवै निकाय युक्रेनी उच्च अधिकारीहरू संलग्न रहेको करिब १० करोड अमेरिकी डलर बराबरको ऊर्जा क्षेत्र सम्बन्धी कथित ठूलो भ्रष्टाचार प्रकरणको मुख्य अनुसन्धानकर्ता हुन्। यर्माकका दुई पूर्व सहकर्मी ओलेह टाटारोभ र रोस्टिस्लाभ सुर्मा विभिन्न वित्तीय आरोपका कारण सन् २०२४ मै पदबाट बाहिरिनु परेको थियो। अर्का सहायक एन्ड्री स्मिर्नोभमाथि पनि घुस तथा अन्य अनियमिततासम्बन्धी अनुसन्धान भएको थियो, यद्यपि उहाँ अहिले पनि यर्माकका लागि काम गरिरेका छन्।
युक्रेनले युद्धकालीन आवश्यकताका कारण पश्चिमी मुलुकहरूसँग थप सहायता मागिरहेका बेला उत्पन्न यस काण्डले राष्ट्रपति जेलेन्स्कीमाथि अतिरिक्त राजनीतिक दबाब सिर्जना गरेको छ। युरोपेली सङ्घ ९इयु० मा समावेशीकरण प्रक्रिया अघि बढाउन पनि भ्रष्टाचारविरुद्ध कडा कदम चाल्नुपर्ने भन्दै इयुले जेलेन्स्कीलाई निरन्तर आह्वान गर्दै आएको छ।
ऊर्जा क्षेत्रसम्बन्धी अनुसन्धान सार्वजनिक भएपछि यसै महिनाको सुरुआतमा जेलेन्स्कीले आफ्नै दलभित्रबाट अभूतपूर्व प्रतिरोध सामना गर्नुपरेको थियो। यर्माकमाथि प्रत्यक्ष कुनै गलत कार्य गरेको आरोप पुष्टि नभए पनि जेलेन्स्की दलका वरिष्ठ सांसदहरूले जनविश्वास पुनर्निर्माण गर्न उनले नै जिम्मेवारी लिनुपर्ने अभिव्यक्ति दिएका छन्। केही सांसदले यर्माकलाई बर्खास्त नगरिए दल नै विभाजित हुनसक्ने चेतावनी समेत दिएका छन्, जसले संसदीय बहुमतमा असर पर्नसक्ने सम्भावना औंल्याएका छन्। तर राष्ट्रपति जेलेन्स्कीले ती माग अस्वीकार गर्दै एकताको आग्रह गरेका छन्।
जेलेन्स्कीले युक्रेनी जनतालाई 'राजनीतिक खेलहरू रोक्दै एकजुट हुन' आव्हान गर्दै हाल अमेरिकाबाट भइरहेका रूससँग सम्झौताको सम्भावित दबाबको सन्दर्भ पनि उल्लेख गरे।
एन्ड्री यर्माकले करिब १५ वर्षअघि जेलेन्स्कीसँग भेट गरेका थिए। त्यतिबेला उनी टेलिभिजन उत्पादन क्षेत्रमा प्रवेश गरिरहेका वकिल थिए भने जेलेन्स्की चर्चित हास्य कलाकार थिए। पहिलो राष्ट्रपति टोलीको सदस्यका रूपमा विदेश मामिलासम्बन्धी महत्त्वपूर्ण जिम्मेवारी सम्हाल्दै यर्माक सन् २०२० मा चिफ अफ स्टाफका रूपमा पदोन्नति भएका थिए।

# विज्ञान तथा सूचना प्रविधि प्रदर्शनीको दश हजार विद्यार्थीले गरे अवलोकन



**भक्तपुर।**
मिडभ्याली माध्यमिक विद्यालय कलेज भक्तपुरले आयोजना गरेको दुइदिने अन्तर विद्यालय प्रतियोगात्मक 'विज्ञान तथा सूचना प्रविधि प्रदर्शनी–२०८२'मा थिमिस्थित ग्लाडस्टोन एकेडेमीले प्रथम स्थान हासिल गरेको छ।

शनिबार सम्पन्न प्रदर्शनीको समापनमा एकेडेमीले प्रथम स्थान हासिल गर्दै ३० हजार रुपैयाँ नगदसहित ट्रफी र मेडल हात पारेको मिड भ्याली कलेजका निर्देशक कमल अर्यालले जानकारी दिए।

प्रदर्शनीमा सहभागी संस्कार गुरुकुल स्कुलले दोस्रो स्थान हासिल गर्दै २० हजार रुपैयाँ नगदसहित ट्रफी र मेडल हात पारेको छ भने नेपाल पुलिस स्कुलले तेस्रो स्थान हासिल गर्दै १० हजार रुपैयाँ नगदसहित ट्रफी र मेडल प्राप्त गर्न सफल भएको छ।

प्रदर्शनीमा सहभागी विद्यार्थीले भोट गरेको आधारमा प्रदर्शनरत उपकरण एवं सामग्रीमध्येबाट एभरेष्ट इङ्लिस स्कुलले पाँच हजार रुपैयाँ नगदसहित ट्रफी र मेडल प्राप्त गर्न सफल भएको छ।

भक्तपुर, काभ्रेलगयात उपत्यकाका विभिन्न ६७ विद्यालयलाई मिड भ्याली कलेजले उपकरण एवं सामग्री निर्माणमा एवं प्रदर्शनी गरेवापत् प्रत्येक सहभागि ६७ विद्यालयलाई ६ हजार रुपैयाँका दरले नगद प्रदान गरिएको थियो।

प्रदर्शनीमा उपत्यकाभित्रका ६७ विद्यालयका विद्यार्थीद्वारा निर्मित ९३ उपकरण एवं सामग्री राखिएका थिए । प्रदर्शनीमा विभिन्न विद्यालयमा अध्ययनरत विद्यार्थीले विज्ञान र सूचना प्रविधितर्फको नविनम प्रयोगलाई जोड दिंदै निर्माण गरेका स्मार्ट सिटी, वाटर सिस्टम, वाटर पोलुसन, स्मार्ट होम, सौर्य ऊर्जा, स्वास्थ्य, भवन निर्माणलगायतका विभिन्न उपकरण एवं सामग्री प्रदर्शन गरिएको थियो।

दुई दिनसम्म सञ्चालन भएको प्रदर्शनीको १० हजारभन्दा बढी विद्यार्थीले अवलोकन गरेका थिए । प्रदर्शनीमा विभिन्न विद्यालयमा अध्ययनरत विद्यार्थीले विज्ञान र सूचना प्रविधितर्फको नविनम प्रयोगलाई जोड दिदैं निर्माण गरेका स्मार्ट सिटी, वाटर सिस्टम, वाटर पोलुसन, स्मार्ट होम लगायतका विभिन्न उपकरण एवं सामग्री प्रदर्शन गरेका थिए ।रासस

# चिसो पहाडबाट झरेर तराईमा जडीबुटी व्यावसाय



**धरान ।**
सङ्खुवासभामा जन्मेर हिमाली भेगको चिसो हावापानी र भिरालो डाँडाकाँडामा हुर्किनुभएकी आचुङ्गा भोटे विगत १६ वर्षदेखि तराई झरेर जडीबुटी व्यवसाय गर्दै आएका छन । इटहरी उपमहानगरपालिका–६ टेङ्ग्रा खोला नजिकै हटियालाइनमा खुला आकाश मुनि विभिन्न प्रकारका जडीबुटी बिक्री गर्दै उनले राम्रो आम्दानी गर्दै आएका छन ।

भोटेका अनुसार जडीबुटी व्यवसाय उहाँहरूको पुर्खौली पेसा नै हो । जिजुबाजेदेखि बुबाआमासम्मकै पुस्ताले जडीबुटी सङ्कलन तथा बिक्री गर्दै आएको परम्परालाई उनले निरन्तरता दिइरहका बताए । भोटेले भने, पहाडमा पहिला अस्पताल र सडक सुविधा नहुँदा बिरामी पर्दा हामीले यही जडीबुटी प्रयोग गर्ने गरेका थियौँ । यही ज्ञानलाई निरन्तरता दिँदै तराई झरेर यही व्यवसाय सुरु गरेकी हुँ ।'

पहिला हिउँद सुरु भएपछि लेकाली क्षेत्रमा पाइने जडीबुटी बोकेर बुबाआमाले कुम्लोमै बोकेर महिनौ दिन हाटबजारमा बिक्री गर्दै तराई झरेकाहुन्थे । अहिले भने सडक यातायातको पहुँच पुगेसँगै गाउँमै पनि व्यापार गर्न सहज भएको छ । सुरुमा शहरको बसाइ र गर्मीको मौसम निकै गाह्रो भए पनि विस्तारै बानी पर्दै गएपछि व्यवसाय वृद्धि हुदै गएको उनको भनाइ छ । अहिले दैनिक रूपमा ६ हजार रुपैयाँ देखि १० हजार रुपैयाँसम्म आम्दानी हुने गरेको छ । आइतबार हटियाको दिन भने १५ हजार रुपैयाँ देखि २० हजार रुपैयाँ सम्म आम्दानी हुने गरेको भोटेले जानकारी दिए ।

भोटेको पसलमा हाल १०० भन्दाबढी जडीबुटी बिक्रीका लागि राखिएका छन् । ५ रुपैयाँ देखि २० हजार रुपैयाँ सम्मका जडीबुटी बिक्रीका लागि उपलब्ध छन् । रक्सी बनाउन प्रयोग हुने मर्चादेखि धार्मिक तथा सांस्कृतिक प्रयोजनका सामग्रीसम्म बिक्रीमा छन् । किरात समुदायले साकेला पर्वमा प्रयोग गर्ने चौरीको पुच्छरसमेत उनले बिक्रीका लागि राखेका छन ।

भोटेले शिलाजित, पदमचाल, सुगन्धवाल, टिमुर, हिँग, केसर, बतिसा, जेठिमधु, यार्सागुम्बासहित विभिन्न प्रकारका जडीबुटी बिक्री गर्दै आएका छन । उनले भने, अहिलेसम्म कुनै पनि ग्राहकबाट नकारात्मक प्रतिक्रिया आएको छैन, एकपटक सामन किनेर गएपछि अर्को पटक फर्केरै आएका छन, यही मेरो सफलताको आधार हो । अहिले धेरैजसो काठमाडौँ, विराटनगर, वीरगञ्ज, मोरङ, झापालगायत स्थानबाट फोनमार्फत धेरै अर्डर आउने गरेको छ । सोही ठाउँमा जडीबुटी व्यवसाय सञ्चालन गर्दै आउनु भएकी पासाङ् ल्यामु भोटियाले पनि १५ वर्षदेखि यही पेशालाई आत्मनिर्भरताको आधार बनाउँदै आएको बताए । उनले भने, 'घरखर्चदेखि बालबच्चाको पढाइलेखाइसम्म सबै खर्च यही व्यवसायबाट धानिँदै आएको छ जडिबुटी व्यवसायबाट राम्रो भएको छ आम्दानी मेरो आम्दानीको श्रोत नै यही हो ।'

लेकमा जन्मेर तराई झरेको पहाडी भेगको चिसो हावापानीसँग खेलेर हुर्केको सुरुमा गर्मी ठाउँमा झरेर व्यापार गर्दा निकै गाह्रो भएको थियो । अहिले भने घाम सहन बानी परिसक्यो व्यापारमा पनि सहज भएको छ । भोटियाले भने, यो जडिबुटी भनेको हाम्रो पुर्खौली पेसा नै हो । अन्य पेसामा ज्ञान नभएका कारणे पुर्खौली पेसा जडीबुटी व्यवसाय नै रोजेको उनले बताए । बिक्रीका लागि जडिबुटी, सङ्खुवासभा, भोटखोला, साथै नेपालका विभिन्न ठाउँ र भारतबाट जडीबुटी आउने गरेको भोटियाले बताए ।

सङ्खुवासभाको चेपुवा, हटिया, भोटखोला, होङ्गोङ, गोलालगायत हिमाली क्षेत्रका शेर्पा तथा भोटे समुदायमा आज पनि जडीबुटी सङ्कलन तथा बिक्री परम्परागत पेसाका रूपमा चलिआएको छ । विगतमा महिनौँ यात्रा गर्दै बर्कीका कुम्लो बनाएर बोकेर गाउँ शहर डुल्ने परम्परा रहे पनि अहिले यातायात तथा आपूर्तिको सहजताले गाउँमा पनि व्यवसाय गर्न सहज भएको व्यापारीको भनाइ छ ।रासस

## तीन वर्षमा तीन पटक म्याद थपः

# स्वास्थ्य चौकी भवन अधुरै



**बागलुङ ।**
एक वर्षभित्र सक्नेगरी निर्माण थालिएको नारायणस्थान स्वास्थ्य चौकीको भवन तीन वर्ष बित्दासमेत सम्पन्न हुन सकेको छैन ।

साँघुरो भवनबाट सेवा प्रवाह गर्दै आएको बागलुङ नगरपालिका–१४ स्थित नारायणस्थान स्वास्थ्य चौकीको भवन कहिले सम्पन्न हुन्छ भन्ने अझै टुङ्गो लाग्न सकेको छैन । निर्माण व्यवसायीको लापरवाही र ढिलासुस्तकीका कारण तीन वर्ष बित्दासमेत भवन निर्माण अधुरै छ । अहिले उक्त भवन ढलान र पर्खालको काम मात्रै सकिएको छ ।

सङ्घीय सरकारको विशेष अनुदानमा निर्माण थालिएको भवन अझै सम्पन्न नभएको बागलुङ नगरपालिकाले जनाएको छ । विसं २०७९ माघ ६ गते एक वर्षमा सक्ने गरी निर्माण थालेको भवन अझै सम्पन्न हुन नसकेको बागलुङ नगरपालिकाका इन्जिनियर सोबिन घर्तीले जानकारी दिए । उनका अनुसार दुई पटक थपेको म्यादसमेत अहिले सकिएकाले भवन निर्माणमा अझै अन्योलता छाएको छ ।

'एक वर्षमा सकिने भवन तीन वर्षमा सकिएको छैन, दुई पटकसम्म थपेको म्यादसमेत कात्तिक मसान्तमा सकिएको छ, भवनमा प्लाष्टरको काम अझै सकिएको छैन, तिहार यता कामदार भवनमा देखिएका छैनन' घर्तीले भने 'भवन समयमा नबन्दा ठेक्का तोड्ने वा म्याद थप्ने विषयमा छलफल भइरहेको छ, नगरपालिकाले निर्माण व्यवसायीलाई धरौटी जफत गरेर भएपनि सम्पन्न गर्ने योजनामा छ ।'

भवन निर्माणका लागि दोस्रो पटक थप गरिएको म्यादसमेत कात्तिक मसान्तमा सकिएको छ । निर्माण व्यवसायी डिएनप्रसाद जेभीसँग एक करोड ८२ लाख रुपैयाँमा ठेक्का सम्झौता भएको थियो । निर्माण व्यवसायीले थोरै कामदार परिचालन गर्ने, सम्पर्क बिहिन हुने लगायतका कारण भवन समयमै बन्न नसकेको हो । नगरपालिकाकै नमूना स्वास्थ्य चौकीको रुपमा रहेको नारायणस्थान स्वास्थ्य चौकी अहिले साँघुरो भवनबाट सेवा प्रभाह भइरहेको स्वास्थ्य चौकीका प्रमुख ऋषिराम शर्माले जानकारी दिए । भवन सम्पन्न भए गुणस्तरीय सेवा प्रभाह गर्न सहज हुने उनको भनाइ छ ।

जनताले चन्दा उठाएर २१ लाख रुपैयाँ सङ्कलन गरी स्वास्थ्य चौकीको नाममा जग्गा खरिद गरेर भवन निर्माणका लागि काम थालेपनि समयमा भवन नबन्दा सेवा प्रवाहमा समस्या भएको शर्माले बताए ।रासस

# नेपाल र यूरोपेली सङ्घको संयुक्त आयोगको बैठक सम्पन्न

**काठमाडौँ ।**
नेपाल र युरोपेली सङ्घबीचको संयुक्त आयोगको १६औँ बैठक बेल्जियमको ब्रसेल्समा शुक्रबार सम्पन्न भएको छ । बैठकमा विकास सहयोग, व्यापार, जलवायु परिवर्तन, क्षेत्रीय सम्पर्क सञ्जाल तथा बहुपक्षीय सहकार्यलगायतका विषयमा विस्तृत छलफल भएको नेपाली दूतावास ब्रसेल्सले जनाएको छ ।बैठकमा दुवै पक्षले नेपाल–यूरोपेली सङ्घबीचको सम्बन्ध सकारात्मक रूपमा अगाडि बढेको तथा विकास साझेदारीदेखि जनस्तरसम्मको सम्बन्धका विभिन्न आयामका बारेमा उल्लेख गरेका थिए । बैठकमा सङ्घका तर्फबाट प्रधानमन्त्री सुशीला कार्की नेतृत्वको अन्तरिम सरकारले आर्थिक अनुशासन, सुशासन, जवाफदेहिता तथा सेवा विस्तारमा केन्द्रित रहेर गरिरहेको कामको प्रशंसा गरेको थियो ।

नेपालले दिगो विकास लक्ष्य प्राप्तिमा भइरहेको प्रगति प्रस्तुत गर्दै जलवायु परिवर्तन, विपद् जोखिम न्यूनीकरण र लगानी प्रवद्र्धनमा यूरोपेली सङ्घ तथा नेपालबीचको सहकार्य महत्वपूर्ण रहेको उल्लेख गरेको थियो । नेपालले सङ्क्रमणकालीन न्यायको प्रक्रियालाई कानुनअनुसार शिघ्र निष्कर्षमा पुर्याउने प्रतिबद्धता दोर्होयाएको थियो ।

यूरोपेली सङ्घले नेपाललाई अल्पविकसित देशबाट स्तरोन्नति गर्न तयार पारिएको सङ्क्रमणकालिन रणनीतिलाई स्वागत गर्दै यसअघि नै लागू भएको बहुवर्षीय कार्यक्रममार्फत सहयोग निरन्तर रहने प्रतिवद्धता व्यक्त गरेको छ । दुवै पक्षले विभिन्न क्षेत्रका विकास परियोजनामा भइरहेको प्रगतिमाथि पनि समीक्षा गरेको विज्ञप्तिमा उल्लेख छ ।

हवाई सुरक्षा सुधारलाई नेपालले उच्च प्राथमिकतामा राखेको उल्लेख गर्दै यूरोपेली सङ्घको सन २०२३ को सेप्टेम्बरमा भएको मूल्याङ्कन भ्रमणमा उठेका विषय समाधान गर्ने प्रतिबद्धता दोर्होयाएको छ ।

नेपालले युरोपियन युनियन एयर सेफ्टी सूचीबाट नेपाली एयरलाइन्सलाई हटाइदिन पुनः अनुरोध गरेको छ ।

आयोगको १७औँ बैठक आगामी वर्ष काठमाडौँमा पारस्परिक सहमतिमा तय हुने मितिमा आयोजना गरिनेछ ।

बैठकमा परराष्ट्र सचिव अमृतबहादुर राई र यूरोपेली सङ्घकातर्फबाट एशिया प्रशान्त विभागका कार्यवहाक प्रबन्ध निर्देशक पाओला पाम्पालोनीले सहअध्यता गर्नुभएको थियो ।रासस

# कार्यालय भवन बनेको दशकपछि बाटोको निकास

**म्याग्दी।**
सामाजिक विकास कार्यालय, म्याग्दीको कार्यालय रहेको भवन निर्माण भएको एक दशकपछि त्यहाँ पुग्ने बाटोको निकास खोलिएको छ।

विसं २०७२ मा निर्माण भएको तत्कालीन महिला तथा बालबालिका कार्यालय रहेको भवनमा पछिल्लो पाँच वर्षयता गण्डकी प्रदेश सरकार मातहतको सामाजिक विकास कार्यालय सञ्चालन हुँदै आएको थियो। महिला, बालबालिका, अपाङ्ग, ज्येष्ठ नागरिकहरूलाई सेवा दिने र उनीहरू लक्षित कार्यक्रम सञ्चालन गर्ने कार्यालय पुग्न प्रयोग गर्ने बाटो अपाङ्गमैत्री थिएन् । व्यक्तिगत जग्गाको बाटो भएर कार्यालय पुग्नुपर्ने समस्या थियो।

भवन पछाडिको पाखोमा पर्खाल निर्माण गरेर मूल सडक जोड्ने बाटो निर्माण गरेको कार्यालय प्रमुख तारानाथ सुवेदीले बताए । 'व्यक्तिले बाटो नदिएको अवस्थामा कार्यालयमा सेवाग्राही त के कर्मचारी पनि आउन नसक्ने अवस्था थियो', उनले भने, 'मुख्य सडकदेखि कार्यालय भवनसम्म वैशाखी टेकेर, ह्विलचियरमा समेत सहजै आउन मिल्ने गरी अपाङ्गमैत्री बाटो बनाइएको हो।'

१५ लाख ७५ हजार रुपैयाँ खर्चेर ४० मिटर लामो र कम्तीमा चार मिटर फराकिलो ढलान गरेको बाटो निर्माण भएको कार्यालय प्रमुख सुवेदीले बताए । कार्यालय भवनको पछाडिपट्टि रहेको भिरालो पाखोमा पर्खाल बनाएर उकासेर फराकिलो बनाई त्यसमाथि ढलान गरिएको छ। डिलतर्फ रेलिङ राखिएको छ। प्रवेशद्वार पनि निर्माण भएको छ । बाटोमा पैदलयात्राका साथै जिप, मोटरसाइकल र स्कुटर गुडाउन सकिन्छ।

उक्त भवनको भुइँतलामा प्रौढ उमेर समूहकाले अध्ययन गर्ने उज्यालो वैकल्पिक विद्यालय छ। विद्यालयमा करिब ५० जना विद्यार्थी अध्ययरत छन्। पहिलो तलामा रहेको कार्यालय प्रमुख र अन्य शाखाको कार्यकक्षसम्म झ¥याङ चढेर पुग्न नसक्ने अपाङ्गता भएकाहरुको लागि भुइँतलामा रहेको सहायता कक्षमा आएर सेवा दिने व्यवस्था मिलाइएको छ। कार्यालयमा हालैमात्र स्तनपान कक्ष पनि स्थापना भएको छ।रासस

# ससुरालीले शव नबुझेपछि माइती पक्षको जिम्मामा

**राकेश यादव**
**रौतहट।**
माधवनारायण नगरपालिका वडा नम्बर ४, विशुनपुर्वामा ५ दिनअघि शंकास्पद अवस्थामा आफ्नै घरमा भेटिएकी महिलाको शव शनिबार माइती पक्षले बुझेका छन्। घरमा मृत अवस्थामा फेला परेकी स्थानीय रुपेश यादवको २१ वर्षीय पत्नी रुबिना यादवको शव ससुराली पक्षले दाहसंस्कारका लागि बुझ्न इन्कार गरेपछि माइती पक्षले बुझेका हुन्। लैंगिक हिंसाविरुद्धको १६ दिने अभियान शुरू भएको दिन मङ्सिर ९ गते दिउँसो पौने ३ बजे आफ्नो बहिनीसित कुरो गरेकी रुबिनाले आत्महत्या गरेको जानकारी बेलुकी ६ बजेतिर छोरीको जेठाजुले फोन गर्दा जानकारी पाएको मृतकका बुबा उपेन्द्र यादवले बताए। छोरीका बारे जानकारी पाउनेबित्तिकै ससुराली घर पुग्दा घरको बरण्डामा मृत देखेको बताउँदै यादवले पहिलादेखि कुटपिट गर्दै आएका लोग्ने, ससुरा र सासु मिलेर हत्या गरेको दाबीसमेत गरे।

शव परीक्षण गराएर अन्तिम संस्कारका लागि प्रादेशिक अस्पताल गौरमा आएका मृतकका बुबाले अढाई वर्षअघि सामाजिक परम्पराअनुसार रुपेश यादवसँग छोरीको विवाह गरेको जनाए । सर्लाहीको धनकौल गाउँपालिका वडा नम्बर ७ निवासी मृतक रुबिनाका बाबुले ससुरा राम विश्वास यादव, सासु सुकमारी देवीले मिलेर हत्या गरी घटना लुकउने उद्देश्यले आत्महत्याको घटनामा परिणत गराउन षडयन्त्र गरेको आरोप लगाए।

घटनामा संलग्न भएको आरोपमा रौतहट प्रहरीले मृतकका लोग्ने रुपेश यादवलाइ पक्राउ गरेको छ भने सासु र ससुरा फरार छन्। विवाहित छोरीको मृत्युपछि श्राद्ध गर्ने अधिकारी ससुराली पक्षको नै हुने अवस्थामा ससुराली पक्षका कुनै पनि व्यक्तिले शव जिम्मा नलिएपछि प्रहरीको आग्रहमा दाहसंस्कार गर्न माइती पक्षले जिम्मा लिएको मृतकका काकाको छोरा राम पवित्र यादवले बताए।

घटना भएको दिन दिउँसो कान्छी बहिनीसँग कुरो गर्दा लोग्ने रुपेश यादवले मेरो भएको गरगहनासमेत लिएको र प्रतिवाद गर्दा कुटपिट गरिरहेको जानकारी गराएको सुनाए । 'सबैले कुटपिट गरिरहेकाले बुबालाई छिट्टै पठाइदेऊ' भनी सन्देश बहिनीमार्फत पठाएको रुबिनाले कसरी आत्महत्या गर्न सकिन् भनेर उनले प्रश्न गरे । पटकपटक यातना दिँदै आएकाले छोरीले माइतीमा धेरै समय बिताउने गरेको बताउँदै मृतकका जेठाजुको आग्रहमा ससुराली पठाइएको रुबिना फेरि माइती घर कहिले नफर्किने गरी ससुरालीमै अस्ताएकी छिन्।

घटनाका सम्बन्धमा अनुसन्धान गर्न तत्काल मृतकका पतिलाई हिरासतमा राखिएको र हत्या हो या आत्महत्याका विषयमा शव परीक्षण प्रतिवेदन प्राप्त भएपछि यकिन हुने प्रहरी नायव उपरीक्षक विष्णु प्रदीप बस्यालले जानकारी दिए।

# जनकपुरको लगातार हार चौथोपटक पराजित



**मधेशदृष्टि**
**जनकपुरधाम।**
सुदूरपश्चिम रोयल्सले नेपाल प्रिमियर लिग (एनपीएल) सिजन–२ मा लगातार पाँचौँ जित निकालेको छ । सुदूरपश्चिमले लगातार पाँचौँ जित निकाल्दा साविक विजेता जनकपुर बोल्ट्सले लगातार चौथो हार बेहोरेको छ।

शनिबार भएको खेलमा जनकपुर बोल्ट्सले दिएको १ सय ४६ रनको लक्ष्य सुदूरपश्चिम रोयल्सले १७ ओभर ४ बलमा ४ विकेट गुमाएर पूरा ग¥यो । सुदूपश्चिमको जितका लागि इसान पाण्डेले सर्वाधिक ५६ रन बनाए। इसानले ३५ बलमा ८ चौका र एक छक्का प्रहार गरे।

जोश ब्राउन शून्य, विनोद भण्डारी ४२ र क्रिस लिन १ रनमा आउट भए। कप्तान दीपेन्द्रसिंह ऐरी १० र हर्मित सिंह २५ रनमा अविजित रहे।

बलिङमा जनकपुरका माज सदाकतले २ तथा सञ्जय कृष्णमूर्ति र आदित्य मेहताले एकएक विकेट लिए। त्यसअघि टीयु क्रिकेट मैदानमा टस जितेर ब्याटिङ गरेको जनकपुरले निर्धारित २० ओभरमा ८ विकेट गुमाएर १ सय ४५ रन बनाएको थियो। जनकपुरका लागि सञ्जय कृष्णमूर्तिले अर्धशतक प्रहार गरे। उनले ३८ बलमा २ चौका र २ छक्का प्रहार गरे।

जोन निकोल लोफ्टी इन्टन ३९, माज सदक्वात १२, आसिफ शेख शून्य, मयन यादव ६, आदित्य मेहता १५, शुभ कंशाकार शून्य र वायन पार्नेल १४ रनमा आउट भए । रुपेश सिंह १ रनमा अविजित रहे।

बलिङमा सुदूरपश्चिमका अभिनास बोहराले सर्वाधिक ४ विकेट लिए। स्कट कुइगेलेइन ३ र कप्तान दीपेन्द्रसिंह ऐरीले एक विकेट लिए।

# बालिका बलात्कार आरोपमा वृद्ध पक्राउ

**धनुषा ।**
सात वर्षीया बालिकामाथि बलात्कार गरेको आरोपमा ६७ वर्षीय वृद्ध पक्राउ परेका छन् ।

इलाका प्रहरी कार्यालय महेन्द्रनगरले जनाएअनुसार बालिका बलात्कार आरोपमा जिल्लाको क्षीरेश्वरनाथ नगरपालिका–५ महेन्द्रनगर बस्ने ६७ वर्षीय रामभगत साहलाई पक्राउ गरिएको हो । आरोपी साहले शनिबार बालिकालाई एक्लै भएको मौका छोपी बलात्कार गरेर भाग्दै गरेको अवस्थामा स्थानीयले पक्राउ गरी प्रहरीलाई जिम्मा लगाएको जनाइएको छ । पीडित बालिकाको प्रादेशिक अस्पताल जनकपुरधाममा स्वास्थ्य परीक्षण गरिएको र आरोपीलाई हिरासतमा लिई अनुसन्धान अघि बढाएको इलाका प्रहरी कार्यालयका प्रमुख, प्रहरी निरीक्षक राजाराम यादवले जानकारी दिए ।

# मिनापको नाटक घर निर्माण



**जनकपुरधाम ।**
मिथिला नाट्य कला परिषद् (मिनाप)ले जनकपुरधाममा आफ्नै नाटक घर निर्माण गरेको छ । मिनापले जनकपुरधाम–४ स्थित लगभग २ करोड रुपैयाँको लागतमा नाटक घरको निर्माण कार्य सम्पन्न गरेको हो ।

मिनापले निर्माण गरेको नाटक घरमा तीन सय दर्शक अटाउने क्षमता रहेको अध्यक्ष परमेश झाले जानकारी बताए । दैनिक रूपमा नाटक मञ्चन गर्ने उद्देश्यले नाटक घरको निर्माण गरिएको उनले बताए । मंसिर १५ गते मैथिलीका प्रसिद्ध नाटककार महेन्द्र मलंगीया तथा वरिष्ठ साहित्यकार डा.राजेन्द्र प्रसाद विमलले संयुक्त रूपमा नवनिर्मित नाटक घरको उद्घाटन गर्ने कार्यक्रम छ ।

नाटक घरको सञ्चालनले मैथिली नाटक क्षेत्रको विकासमा थप मद्दत पुग्नुका साथै कलाकारलाई जीविकोपार्जनमा ठूलो मद्दत पुग्ने विश्वास मिनापको छ । २०३६ सालमा स्थापना भएको मिनाप नेपालकै पुरानो नाट्य संस्थामध्ये एक हो ।

# अझै २७३ कैदीबन्दी फरार

**महोत्तरी ।**
जेन्जीको आन्दोलनका क्रममा गत भदौ २४ गते महोत्तरी जिल्लाको जलेश्वर कारागारबाट भागेका कैदीबन्दीमध्ये २ सय ७३ जना अझै फरार रहेका छन् ।

जलेश्वर कारागार तोडेर भागेका ४० भारतीयसहित ५ सय ७६ कैदीबन्दी मध्ये ३ सय ३ जना फर्किसकेका जेलर अशोककुमार क्षेत्रीले बताए ।

उनका अनुसार अझै पनि भागेका कैदीबन्दी आउने क्रम जारी रहेको छ ।

कारागार तोडेर भागेका कैदीबन्दीलाई भदौ २५ गते कारागार प्रशासनले फर्किन आह्वान गरेको थियो । जेलर क्षेत्रीले फर्की नआउने फरार कैदीबन्दी उपर कारागार ऐन २०७९ र अन्य नेपालको प्रचलित कानूनबमोजिम कारबाही हुने तथा कैदीबन्दीलाई लुकाउने, छिपाउने वा आश्रय दिने व्यक्ति उपर पनि कानूनबमोजिम कारबाही हुने बताए ।

जलेश्वर कारागारबाट भागेकामध्ये १३ कैदीबन्दीलाई भारततर्फ भाग्दै गरेको अवस्थामा भारतीय प्रहरीले पक्राउ गरी पुनः कारागार फर्काउन मद्दत गरेका थिए भने बाँकी कैदीबन्दी आफैँ स्वेच्छाले कारागारमा फर्किएका हुन् । फरार कैदीबन्दीको खोजतलाश गरिरहेको प्रमुख जिल्ला अधिकारी ईन्द्रदेव यादवले बताए ।

# यौनजन्य क्रियाकलाप बढेको भन्दै स्थानीयको खबरदारी



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरमा रहेका गेस्टहाउसमा यौनजन्य कृयाकलाप हुने गरेको थाहा पाएपछि स्थानीय आक्रोशित भएका छन् । उनीहरुले विरोध प्रदर्शन गरेका छन् । स्थानीयले अनैतिक क्रियाकलाप गराउने गेस्टहाउस तथा होटललाई कानूनी कारबाही माग गरेका छन् ।

जनक नगर सोसाइटी पिराडीले यौनजन्य क्रियाकलापविरुद्ध जनचेतना अभियान शुरु गरेको छ । जनकपुरको पिराडीचोकस्थित केही होटल र गेस्टहाउसमा लामो समयदेखि यौनजन्य क्रियाकलाप भइरहेको स्थानीयको आरोप छ ।

देह व्यापारले समाजमा नकारात्मक असर परेको र बस्ती बदनाम बन्दै गएको भन्दै त्यसलाई बन्द गराउन स्थानीयको माग छ । कमिसनका लागि अनैतिक यौन क्रियाकलापलाई प्रश्रय दिएको भन्दै उनीहरुले धनुषा प्रहरी प्रशासनविरुद्ध पनि नाराबाजी गरेका हुन् ।

यौनजन्य क्रियाकलाप गराउने होटेल तथा गेष्टहाउसा सञ्चालकलाई समेत उनीहरुले चेतावनी दिएका छन् । केही दिनअघि यौनजन्य कृयाकलाप गरेको भन्दै स्थानीयले होटअगाडि नै गएर समेत प्रदर्शन गरेका थिए ।

# चार महिनामा दुर्घटनामा १४ को मृत्यु

**मधेशदृष्टि**
**रौतहट ।**
रौतहटमा पछिल्लो चार महिनामा सवारी दुर्घटनामा परेर १४ जनाले ज्यान गुमाएका छन् । साउनदेखि कार्तिक महिनासम्म मात्रै जिल्लामा ३ सय ६ सवारी दुर्घटना भएका हुन् । यी दुर्घटनामा १४ जनाले ज्यान गुमाएका छन् भने ५ सय जनाभन्दा बढी घाइते भएको जिल्ला ट्राफिक प्रहरी कार्यालय चन्द्रनिगाहपुरले जनाएको छ । यसै अवधिमा ट्राफिक नियम उल्लङ्घन गर्ने २ हजार ६ सय ५१ सवारीसाधनविरुद्ध कारबाही गरिएको छ । कारबाहीमार्फत २३ लाख ७० हजार रुपैयाँ राजस्व संकलन भएको ट्राफिक प्रमुख इन्स्पेक्टर राजेन्द्र थापा मगरले जानकारी दिए । दुर्घटनामा ४४ जना गम्भीर र ४ सय ६४ जना सामान्य घाइते भएको कार्यालयले जनाएको छ । ट्राफिक प्रहरीले सडक दुर्घटना रोकथामका लागि कार्यालयले चार महिनामा १ हजार ३ सय ८५ सडक सुरक्षा कार्यक्रम सञ्चालन गरेको छ ।

# प्रबन्धक हत्या आरोपमा दुई समातिए

**मधेशदृष्टि**
**बारा ।**
प्रसौनी गाउँपालिका–६ स्थित किरण वेभरेज प्रालिमा कार्यरत प्रबन्धक रामकिशोर सिंहको हत्या प्रकरणमा संलग्न दुईजनालाई प्रहरीले पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय बाराबाट खटिएको विशेष टोलीले फरार अवस्थामा रहेका अभियुक्तलाई नियन्त्रणमा लिएको हो । प्रहरीका अनुसार पक्राउ परेकालाई प्रारम्भिक अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालय बारामै राखिएको छ । उनीहरूको पहिचान खुलाइएको छैन । सर्लाहीको धनकौल गाउँपालिका–२ का ४२ वर्षीय रामकिशोर सिंहलाई बिहीबार राति करिब ५० मिटर उत्तरतर्फ धारिलो हतियार प्रयोग गरी घाँटी रेटेर हत्या गरिएको थियो । स्थानीयले शव शुक्रबार बिहान देखेपछि प्रहरीलाई खबर गरेका थिए ।

घटनास्थलमा मुचुल्का उठाएर खोजतलास थालेको प्रहरी टोलीले प्राप्त सूचनाको आधारमा अभियुक्तसम्म पुग्न सफल भएको जनाएको छ । प्रहरी घटनाको कारण र अन्य संलग्नबारे विस्तृत अनुसन्धान अघि बढाइरहेको छ ।

# चार महिनामा ५४ अर्ब १२ करोडको पेट्रोलियम पदार्थ आयात

**मधेशदृष्टि**
**वीरगंज।**
चालु आर्थिक वर्षको चार महिनामा वीरगंज नाका भएर ५४ अर्ब १२ करोड रुपैयाँ मूल्य बराबरको पेट्रोलियम पदार्थ आयात भएको छ । डिजेल, पेट्रोल, लिक्विफाइड पेट्रोलियम ग्यास (एलपिजी), एभिएसन टर्बाइन फ्युल (एटिएफ) र मट्टितेल आयातबाट २२ अर्ब ९० करोड रुपैयाँ राजस्व सङ्कलन भएको छ । वीरगंज भन्सार कार्यालयका अनुसार गत आवको चार महिनाको तुलनामा चालु आवको सोही अवधिमा रकमको आधारमा पाँच थरिका पेट्रोलिम पदार्थको आयातमा दुई अर्ब ९३ करोड रुपैयाँले बढी हो।

जबकि गत आवको चार महिनाको अवधिमा भने ५१ अर्ब १९ करोड रुपैयाँ मूल्य पर्ने पेट्रोलियम पदार्थ आयात हुँदा २० अर्ब ८९ करोड रुपैयाँ राजस्व सङ्कलन भएको छ । वीरगंज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक विष्णुप्रसाद ज्ञवालीले चालु आवको चार महिनामा पेट्रोलियम पदार्थको आयातमा केही वृद्धि भएको जानकारी दिए। 'गत आवको चार महिनाको तुलनामा चालु आवको सोही अवधिमा पेट्रोलियम पदार्थको आयातबाट प्राप्त हुने राजस्वमा समेत नौ दशमलव ६० प्रतिशतले बढेको छ,' उनले भने।

वीरगंज भन्सार कार्यालयका चालु आवको कात्तिक मसान्तसम्म २४ अर्ब ४० करोड रुपैयाँ मूल्य पर्ने दुई लाख ६८ हजार ६ सय ७६ किलोलिटर डिजेल आयात भएको छ। डिजेल आयातबाट १० अर्ब ७३ करोड रुपैयाँ राजस्व सङ्कलन भएको छ। जबकि गत आवको सोही अवधिमा भने २१ अर्ब ८३ करोड रुपैयाँ मूल्य पर्ने डिजेल आयात भएको थियो। सोबाट नौ अर्ब ७८ करोड रुपैयाँ राजस्व सङ्कलन भएको थियो।

चालु आवको चार महिनामा १४ अर्ब २७ करोड रुपैयाँ मूल्य पर्ने एक लाख ६६ हजार ६ सय ६३ किलोलिटर पेट्रोल आयात भएको छ। सो पेट्रोल आयात हुँदा नौ अर्ब ४३ करोड रुपैयाँ राजस्व सङ्कलन भएको छ । जबकि गत आवको चार महिनामा भने १२ अर्ब ४३ करोड रुपैयाँ मूल्य पर्ने पेट्रोल आयात हुँदा आठ अर्ब ११ करोड रुपैयाँ राजस्व सङ्कलन भयो।

चालु आवको चार महिनाको अवधिमा नौ अर्ब ७७ करोड रुपैयाँ मूल्य पर्ने नौ करोड ७३ लाख ९६ हजार ४ सय ७२ किलोग्राम एलपी ग्यास आयात भएको छ । सो आयातबाट एक अर्ब ८३ करोड रुपैयाँ राजस्व सङ्कलन भएको छ। त्यस्तै गत आवको सोही अवधिमा भने ११ अर्ब १० करोड रुपैयाँ मूल्य पर्ने १० करोड तीन लाख ५९ हजार किलोग्राम एलपी ग्यास आयात भएको थियो । सो आयातबाट दुई अर्ब आठ करोड रुपैयाँ राजस्व सङ्कलन भएको थियो।

# नहरको पानी उपलब्ध नहुने संकेत

**मधेशदृष्टि**
**वीरगंज।**
गहुँ बाली सिजन नजिकिँदै गर्दा भारतले यस वर्ष गहुँ बालीका लागि नहरमा पानी दिन नसक्ने बताएको छ । यसरी भारतीय पक्षले नहरमा पानी नदिँदा नहर प्रणालीमा आश्रित पर्सा, बारा र रौतहट गरी तीन जिल्लाका किसान गहुँ बालीमा सिँचाइबाट वञ्चित हुनेछन् । यसले गहुँको उत्पादन घट्ने भन्दै नेपाली किसान चिन्तित भएका छन्।

नारायणी सिँचाइ व्यवस्थापन कार्यालय वीरगंजका सूचना अधिकारी इञ्जिनियर सुरेशप्रसाद साहले कार्यालयले संघीय सिँचाइ विभागलाई भारतीय पक्षले यस वर्ष गहुँ बाली सिजनमा पानी दिन असमर्थता जनाएकोबारे जानकारी गराउन पत्राचार गरिसकेको बताए।

नवलपरासीको त्रिवेणी भैसालोटनस्थित नेपाल भारत सीमामा निर्मित ब्यारेजबाट भारतीय पक्षले नहरमा पानी छोड्ने गर्छ। भारतमै ९२ किमि यात्रा गरेर यो नहर पर्साको जगरनाथपुर गाउँपालिकाबाट नेपाल प्रवेश गर्छ। पर्सा, बारा र रौतहटमा १५ ब्लकमा विभाजित गण्डक नहरको लम्बाइ नेपालतर्फ भने ८१ किलोमिटर छ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन